आ.व. २०८०/८१

# वार्षिक प्रगति प्रतिवेदन



नेपालगञ्ज उप-महानगरपालिका

रोजगार सेवा केन्द्र

बाँके

## नेपालगञ्ज उपमहानगरपालिकाको संक्षिप्त परिचय :

लुम्बिनी प्रदेशको पश्चिम तर्फ र साविक मध्यपश्चिमाञ्चल बिकास क्षेत्रको केन्द्र बिन्दुको रुपमा रहेको प्रमुख व्यापारिक केन्द्र तथा लुम्बिनी प्रदेश अन्तर्गत्का १२ जिल्लाहरु मध्ये सवैभन्दा महत्वपूर्ण जिल्ला मध्ये बाँके जिल्लाको सदरमुकामको रुपमा रहेको उपमहानगरपालिका हो। बाँके जिल्लामा अवस्थित पश्चिम नेपालको द्वार, नेपालगञ्ज नगरी, नेपालकै नामबाट स्थापना भएको प्रमुख शहरको रुपमा परिचित स्थान हो । यो शहर बिक्रम सम्बत २०१७ सालमा नेपालगञ्ज नगर पञ्चायतका नामबाट स्थापना भई २०१९ सालमा नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७१ मंसीर १६ गतेको निर्णयबाट साविकका १० वटा गा.वि.स. गाभेर २७ वटा वडा कायम गरि नेपालगंज उपमहानगरपालिका घोषणा गरिएको र मिति २०७२।०६।१ को निर्णयबाट पुरैनी गा.वि.स. गाभेर २८ वडा कायम गरिएको थियो । मिति २०७३।११।२७ गतेको निर्णयानुसार साविकका २८ वडा परिमार्जन भई २३ वटा वडा कायम गरिएको छ ।

## रोजगार सेवा केन्द्रको परिचय

२०७५ साल फाल्गुन देखि नेपालगंज उपमहानगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएको हो । स्थापना पश्चात रोजगार सेवा केन्द्रले रोजगारी सृजनाका क्षेत्रमा विविन्न क्रियाक्लाप संचालन गर्दै आएको छ र आ.व. २०८०/८१ मा नेपालगंज उपमहानगरपालिका नमुना रोजगार सेवा केन्द्र संचालनको लागि छनौट भई विविन्न कार्यक्रम संचालान गरेको छ ।

## रोजगार सेवा केन्द्र संचालनको उद्देश्य

- वेरोजगार व्यक्तिको सूचना संकलन, समन्वय र रोजगारी सृजना गर्नु र रोजगारमा पदस्थापन गराउनु,
- रोजगार दाता र श्रमिकको अभिलेखांकन गर्नु,
- रोजगार सेवाको नक्शांकन गर्नु,
- रोजगारी र स्वरोजगरीको सम्भाव्यता पहिचान गर्नु,
- रोजगारीको खोजीमा रहेका व्यक्तिको व्यक्तिगत बिवरण दर्ता गर्नु,
- श्रम बजारको माग बमोजिम सीप विकास गर्ने क्रियाकलाप तथा सिफारिस गर्नु,
- रोजगारी सम्बन्धि परामर्श सेवा दिनु,
- रोजगारी सृजनाको लागि निजी क्षेत्र तथा गैर सरकारी संस्था संग आवश्यक समन्वय तथा सहकार्य गर्ने,
- वैदेशिक रोजगार बोर्ड बाट उपलब्ध गराईने आर्थिक सहायता वितरण सम्बन्धि कार्यमा सहयोग पुर्याउने,
- व्यक्तिगत श्रम तथा पुनः श्रम स्वीकृति सम्बन्धि कार्यहरु गर्ने ।

## १. प्रधानमन्त्री रोजगार कार्यक्रमको संक्षिप्त परिचय

नेपालको संविधानको धारा ३३ (१) ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने उल्लेख भएबमोजिम रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेका छन । ऐन र नियमावलीका प्रावधान अनुरुप रोजगारमूलक सेवा र सुविधाको विस्तार गर्न एवम् नागरिकलाई न्यूनतम रोजगारी प्रत्याभूति गर्दै सामाजिक संरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका आ.व. २०७५/०७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । यसका लागि मुख्यतः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र अन्य कार्यविधिहरु जारी भएका छन् । यसबाट तीनै तहमा कार्यक्रम कार्यान्वयनको लागि संस्थागत प्रबन्ध गरी सबै गाउँपालिका तथा नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएका छन् ।

मुलतः मुलुकभित्र रोजगारीको पर्याप्त रोजगारीको अवसर सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्न आर्थिक विकासमा योगदान पुर्याउन एवम् न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक संरक्षणको व्यवस्था गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमले न्यूनतम रोजगारी सुनिश्चित र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने दीर्घकालीन सोचका साथ देहायका दुई मुख्य रणनीतिक क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ ।

### १.१ यस कार्यक्रमको दीर्घकालीन सोच लक्ष्य, उद्देश्य र रणनीति निम्नानुसार छनः

**कार्यक्रमको दीर्घकालीन सोचः** सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु

यो कार्यक्रमको दीर्घकालीन सोच हो ।

**कार्यक्रमको लक्ष्यः** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य हो ।यस कार्यक्रमले बेरोजगारी, सीप तथा उद्यमशीलताको न्यूनता र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका कार्यक्रम बीच समन्वयको कमीका कारण त्यस्ता कार्यक्रमले अपेक्षित प्रतिफल दिन नसक्दा

रोजगारी तथा स्वरोजगारीको अभावमा नागरिकको जीवनस्तरमा सुधार हुन नसक्नुलाई समस्याको रुपमा पहिचान गरी उत्पादनशील रोजगारीमा वृद्धि तथा न्यूनतम रोजगारीको प्रत्याभूति मार्फत सामाजिक संरक्षणको प्रवर्द्धनको उपलब्धी प्राप्त गर्ने लक्ष्य राखेको छ।

### १.२ कार्यक्रमको उद्देश्य

- प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्:
- बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने।

- दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।
- सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सृजना गर्ने ।
- आन्तरिक रोजगारी सृजनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।
- आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

## २. युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको परिचय

सुचिकृत बेरोजगार व्यक्तिलाई लक्षित गरी थप रोजगारी तथा रोजगारमूलक सेवा प्रदान हुने गरी विश्व बैङ्कको ऋण सहयोगमा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (Youth Employment Transformation Initiative Project) सञ्चालनमा रहेको छ । यस आयोजनाले प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध भई रोजगारीको अवसरहरु सिर्जना गर्ने र उपलब्ध रोजगारीका अवसरहरुमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै श्रमिकको आयमा वृद्धि तथा लक्षित वर्गको जीवनयापनमा सुधार गर्ने लक्ष्य लिएको छ । आयोजनाले विशेष गरी बेरोजगार युवा र महिला लक्षित रोजगारी, जीवन उपयोगी तालिम र श्रम बजारमा महिला श्रमशक्तिको पहुँच वृद्धि गर्न रोजगारीका लागि तयारी क्लव (Ready to Work Club) गठन गर्ने लगायतका क्रियाकलाप सञ्चालन गर्नेछ । साथै स्थानीय तहमा सञ्चालनमा रहेका रोजगार सेवा केन्द्रको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन, थप जनशक्तिको व्यवस्था तथा रोजगारमूलक सेवा र सुविधाको सुदृढिकरण लगायतका कार्यमा सहयोग गर्नेछ ।

### २.१ आयोजनाको उद्देश्य

(क) रोजगारीको सेवा, सुविधा र प्रणालीमा विकास तथा विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गर्ने,

(ख) रोजगारीका अवसरहरुको सिर्जना गर्ने.

(ग) रोजगार सेवाको प्रवर्द्धन मार्फत बेरोजगारीको दर न्यूनीकरण गर्ने ।

## २.२ आयोजनाका कम्पोनेन्टहरु

**कम्पोनेन्ट १:**

**रोजगार प्रवर्द्धन प्रणाली र सेवाको सुदृढीकरण**

(१) रोजगारीको अवसरमा पहुँच वृद्धि गर्ने.

(२) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने ।

**कम्पोनेन्ट २:**

**जोखिमपूर्ण अवस्थामा रहेका समूहका लागि श्रम बजारको उपलब्धिमा सुधारः**

(१) सामुदायिक पूर्वाधारको मर्मत सम्भार तथा स्तरोन्नति र सार्वजनिक सेवा प्रवाहमा अल्पकालीन रोजगारी सिर्जना गर्ने,

(२) लाभग्राहीको रोजगार योग्य क्षमतामा सुधार गर्ने ।

**कम्पोनेन्ट ३:**

**आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र क्षमता अभिवृद्धिः**

आयोजना कार्यान्वयनका लागि व्यवस्थापकीय, अनुगमन तथा मूल्याङ्कन र संस्थागत क्षमता

अभिवृद्धि गर्ने ।

**कम्पोनेन्ट ४:**

**बिशेष अवस्था :**

महामारीजन्य तथा अन्य आपतकालीन अवस्थामा आवश्यक रोजगारमुलक क्रियाक्लाप गर्ने ।

## २.३ कार्यक्रमको रणनीति

क) स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग

गर्ने ।

ख) रोजगारी सृजनाका लागि अन्तर क्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने ।

ग) सीपमूलक तालिम मार्फत श्रम बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

घ) तालिम, रोजगार, सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सृजना गर्ने। ङ) रोजगारी सृजनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

च) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने ।

## ३. आ.व. २०८०/८१ मा संचालन भएका मुख्य क्रियाक्लापहरु :

३.१ कामको लागि पारिश्रामिक आयोजनाहरु (प्रधानमन्त्री रोजगार कार्यक्रम / युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना)

३.२ श्रमको सम्मान कार्यक्रम

३.३ नमुना रोजगार केन्द्र संचालन अनतर्गत संचालन गरिएका क्रियाकलाप

*३.३.१ निजि क्षेत्र र सरोकारवाला बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम (मेयर संग रोजगार दाता)*

*३.३.२ आन्तरिक रोजगारी विवरण सङ्कलन*

*३.३.३ वाईरिंग तथा प्लम्बर तालिम (रोजगारीमा पदस्थापन सहित)*

*३.३.४ रोजगार मेलामा सहभागिता*

*३.३.५ स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला संग अन्तरक्रिया कार्यक्रम*

३.४ कल्याणकारी सेवा सहजीकरण

३.५ स्थानीय निर्देशक समिति बैठक

३.६ नयाँ तथा पुनः श्रम स्वीकृति

३.७ रोजगार संबाद मञ्च संचालन

३.८ रोजगार उपभोक्ता समितिलाई अभिमुखिकरण

३.९ कल्याणकारी सेवा, सुरक्षित आप्रवासन र बैदेशिक रोजगारी सम्बन्धमा जनप्रतिनिधि संग छलफल

३.१० बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको संजालसंग बैठक

३.११ अनुगमन तथा मुल्यांकन

३.१२ १० वर्षे रोजगारी प्रक्षेपण

## ३.१.१ आ.व २०८०/८१ मा कामको लागि पारिश्रामिक आयोजना अन्तर्गतका क्रियाक्लाप (प्रधानमन्त्री रोजगार कार्यक्रम / युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना) :

- बेरोजगार व्यक्तिको वेरोजगार निवेदन दर्ता, प्रशोधन तथा सूचीकृत
- रोजगार व्यवस्थापन प्रणालीमा दर्ता भई लाभग्राही परिचय पत्र प्राप्त बेरोजगार व्यक्तिको विवरण
- योजना छनौट, इष्टीमेट तथा प्राथमिकिकरण
- प्रधानमन्त्री रोजगार कार्यक्रम/युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना आय व्यय विवरण

## ३.१.२ बेरोजगार व्यक्तिको वेरोजगार निवेदन दर्ता, प्रशोधन तथा सूचीकृत

बेरोजगार व्यक्तिको विवरण संकलन गर्नका लागि यस नगरपालिकाले २३ वटै वडाहरुमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन चाहने व्यक्तिले आफु स्थायी रुपमा बसोबास गरेको वडाको वडा कार्यालयमा अनुसूचि १ बमोजिमको निवेदन दिन आव्हान गरिएको थियो । प्राप्त सम्पूर्ण बेरोजगार व्यक्तिहरुको निवेदन वडा समिति बाट मापदण्ड पुगे/नपुगेको छानविन गरी रोजगार सेवा केन्द्रमा पेश गरिएको र रोजगार सेवा केन्द्रबाट वेरोजगारहरुको विवरण संकलन गरी स्थानीय निर्देशक समिति मार्फत नगरकार्यपालिकामा स्वीकृतिका लागि पेश भए बमोजिम हिउँदे नगर सभा बाट तपसिल अनुसार बेरोजगार व्यक्तिलाई रोजगार व्यवस्थापन सुचना प्रणालीमा (EMIS) सूचीकृत गरिएका थियो छ ।


**तालिका नं १ : सूचीकृत भएका बेरोजगार व्यक्तिहरुको विवरण**


| क्र.स. | वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ३ | १ | ० | १ |
| २ | ४ | १ | २ | ३ |
| ३ | ८ | ४ | ४ | ८ |
| ४ | ९ | १ | २ | ३ |
| ५ | १३ | ३५ | ० | ३५ |
| ६ | १८ | २० | २१ | ४१ |
| ७ | १९ | ५६ | ११८ | १७४ |
| ८ | २० | ३२ | ५६ | ८८ |
| ९ | २१ | १० | १८ | २८ |
| १० | २३ | ३० | ० | ३० |
| | जम्मा | १९० | २२१ | ४११ |

## ३.१.३ रोजगार व्यवस्थापन प्रणालीमा दर्ता भई लाभग्राही परिचय पत्र प्राप्त बेरोजगार व्यक्तिको विवरण

मापदण्ड पुरा भएका नगरकार्यपालिकाको निणर्यबाट सूचीकृत वेरोजगार व्यक्तिहरु ४११ जना मध्ये काम गर्ने इच्छुक व्यक्ति तथा वडाको सिफारिश अनुसार अगाडी परेका ६८ जना व्यक्तिलाई मात्र परिचय पत्र वितरण गरी काममा खटाइएको थियो ।

| वडा अनुसार लैङ्गिक बिवरण | | | | |
|---|---|---|---|---|
| क.स. | वडा नं | पुरुष | महिला | जम्मा |
| १ | १९ | ६ | १० | १६ |
| २ | २० | ३ | २७ | ३० |
| ३ | २१ | ४ | ३ | ७ |
| ४ | २३ | १५ | ० | १५ |
| | जम्मा | २८ | ४० | ६८ |




## ३.१.४ योजना छनौट ,इष्टीमेट तथा खर्च बिवरण

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७७ का आधारमा वडाहरुबाट आ.ब ०८०/८१ को लागि योजना छनौट तथा प्राथमिकिकरण गरी वडा समिति बाट सिफारिस गरी नगरकार्यपालिकामा पेश गरिएको र नगरकार्यपालिकाले कार्यविधिको दफा ५ अनुसार

प्राथमिकताक्रम निर्धारण गरी लागत इस्टीमेट समेत गरी दफा ८ बमाजिम रोजगार व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरको थियो ।

| क्र.स. | वडा नं | योजनाको नाम | जम्मा खर्च बिवरण |
|---|---|---|---|
| १ | १९ | श्री चन्द्र उदासिन बाबाकुटी मोडदेखि दक्षिण पुरैनी हुलाकी रोडसम्म माटो पटान तथा मर्मत । | १,७८,३५६.०० |
| २ | २० | (क) रत्न राजमार्गबाट मनिकापुर गाउ जाने पुल देखि लालजी यादवको घर हुदै डुडुवा खोलासम्मको दुको कुलो निर्माण कार्य । (ख) सुर्खेत रोडदेखि मनकामना ग्यास कम्पति हुदै जानकी गा.पा को सिमानासम्म कुलो निर्माण (ग) गैनपुर बाटो निर्माण। | ११,५८,३१२.०० |
| ३ | २१ | महाराजा मा.वि जाने बाटोको दुवै तर्फको कुलो निर्माण र बाटोमा माटो पटान कार्य | २,५४,८४२.०० |
| ४ | २३ | वडा नं. २३ को बाटो निर्माण तथा मर्मत । | ५,९६,१९०.०० |
| जम्मा | | | २१,८७,७००.०० |

## ३.१.५ आयोजनाहरुको विस्तृत विवरणः (कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना)

**(क) आयोजनाको नाम : वडा नं १९ स्थित श्री चन्द्र उदासिन बाबाकुटी मोडदेखि दक्षिण पुरैनी हुलाकी रोडसम्म माटो पटान तथा मर्मत ।**

(ख) आयोजना सञ्चालन भएको वडा नं. : १९

(ग) आयोजनाको प्रकृति/क्षेत्र : माटो पटान तथा मर्मत

(घ) आयोजनामा खर्च भएको बजेट

- प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट : १,७८,३५६.००

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : १६ जना

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : १६.५





(क) रत्न राजमार्गबाट मनिकापुर गाउ जाने पुल देखि लालजी यादवको घर हुदै डुडुवा खोलासम्मको दुको कुलो निर्माण कार्य । (ख) सुर्खेत रोडदेखि मनकामना ग्यास कम्पति हुदै जानकी गा.पा को सिमानासम्म कुलो निर्माण (ग) गैनपुर बाटो निर्माण।

(ख) आयोजना सञ्चालन भएको वडा नं. : २०

(ग) आयोजनाको प्रकृति/क्षेत्र : बाटो तथा कुलो निर्माण

(घ) आयोजनामा खर्च भएको बजेट

❖ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाबाट : ११,५८,३१२.००

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : ३० जना

(च)सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : ५९





6

महाराजा मा.वि जाने बाटोको दुवै तर्फको कुलो निर्माण र बाटोमा माटो पटान कार्य

(ख) आयोजना सञ्चालन भएको वडा नं. : २१

(ग) आयोजनाको प्रकृति/क्षेत्र : बाटो तथा कुलो निर्माण

(घ) आयोजनामा खर्च भएको बजेट

❖ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाबाट : २,५४,८४२.००

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : ७ जना

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : ५४.५





वडा नं. २३ को बाटो निर्माण तथा मर्मत ।

(ख) आयोजना सञ्चालन भएको वडा नं. : २३

(ग) आयोजनाको प्रकृति/क्षेत्र : विद्यालय

(घ) आयोजनामा खर्च भएको बजेट

❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट : ५,९६,१९०.००

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : १५ जना

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : ५९.५





## ३.२ श्रम को सम्मान कार्यक्रम :

### परिचय :

नेपालको संविधान २०७२ मा भएको मौलिकहक अन्तर्गत धारा ३३ मा भएको रोजगार सम्वन्धि हकको प्रत्याभुत गर्ने प्रयोजनको लागि संघीय सरकारले आर्थिक वर्ष २०७५/७६ देखि कुनैपनि युवालाई बेरोजगारीको कारण बैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्ने नीति लिए बमोजिम बनेका रोजगारीको हकसम्वन्धि ऐन २०७५, रोजगारीको हकसम्वन्धि नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ एवं युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संंचालन तथा व्यवस्थापन कार्यविधि २०७६ को अधिनमा रही प्रधानमन्त्री रोजागर कार्यक्रम एंव युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना संचालनमा रहेका छन । सोही कार्यक्रम अन्तगत यस नेपालगञ्ज उपमहानगरपालिकामा समेत तपशिलका उद्धेश्यहरु पुरा गर्न श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम गरिएको छ ।

### कार्यक्रमको उद्देश्य :


- बेरोजगार व्यक्तिहरूले न्यूतनम रोजगारीमा संलग्न हुन आवेदन दिनेछन्।
- विपन्न लक्षित योजनाको तर्जुमा प्रक्रियाको सहजीकरण भएको हुनेछ।
- वास्तविक बेरोजगार व्यक्तिहरूको न्यूनतम रोजगारीमा सहभागीता बढाइएको हुनेछ।
- कार्यक्रमले बेरोजगार व्यक्तिहरूको चयन, उपयोगी पुर्वाधार निर्माणको लागि श्रोत साझेदारी गरेको हुनेछ।
- वडा स्तरीय रोजगार संबाद मंच गठन सम्बन्धि छलफल ।


| कार्यक्रमको विवरणः | | | |
|---|---|---|---|
| **लक्षित बर्ग** | **बिषय** | **माध्यम** | **कैफियत** |
| ▪ १८ -५९ बर्ष उमेर समुह(महिला,आदी बासी,जनजाती मधेसी दलित तथा अन्य)<br>▪ वडा समिति<br>▪ अन्य सरोकारवाला | ▪ बेरोजगार व्यीक्तको सूचिमा दर्ता हुने आवेदन प्रकृया र समय<br>▪ विपन्न लक्षित न्यूनतम रोजगारीको आवेदन र छानविन प्रकृया<br>▪ न्यूनतम रोजगारीको लागि आवेदन तथा सामाजिक र आर्थिक उन्नतिमा सघाउ पुऱ्याउने आयोजनाको छनौट<br>▪ वडा स्तरीय रोजगार सम्बद मंच गठन गर्ने सम्बन्धमा छलफल<br>▪ रोजगार सेवा केन्द्र बाट प्रदान गरिने सेवाको जानकारी | रोजगार सेवा केन्द्रले सम्बन्धीत वडामा गई अभिमुखिकरण र छलफल गर्ने | |

**कार्यक्रमको उपलब्धि :**

- ❖ अन्तरक्रियामा ११ जना जनप्रतिनिधि ३ जना कर्मचारी लगायत १४९ जनाले रोजगार सेवा केन्द्र बाट प्रदान गरिने सेवा सुबिधाको बारेमा जानकारी प्राप्त गरेका छन ।
- ❖ बेरोजगार व्यक्तिले न्यूतनम रोजगारीमा संलग्न हुन आवेदन दिएका छन ।
- ❖ विपन्न लक्षित योजना तर्जुमा प्रकृयाका बारे सहजिकरण भएको छ ।
- ❖ कार्यक्रमको उद्धेश्य बमोजिमको बेरोजगार व्यक्तिको चयन,उपयोगी पुर्वाधार निर्माणको लागि श्रोत साझेदारी भएको छ ।

**सहभागी :**



खर्च बिवरण :

| क्र.सं. | क्रियाकलाप | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | ब्यानर | ८५०.८९ | |
| २ | यातायात भत्ता | २९,८००.०० | |
| ३ | खाजा | २३,४००.०० | |
| ४ | Hands out तथा कार्यपत्र | २०००.०० | |
| ५ | सहयोगी खर्च | ७५०.०० | |
| ६ | संयोजन खर्च | २५००.०० | |
| ७ | प्रतिवेदन खर्च | १०००.०० | |
| अक्षरेपी : साठी हजार तीन सय रुपैया उनान्नब्बे पैसा मात्र | | ६०,३००.८९ | |

## ३.३ नमुना रोजगार सेवा अन्तर्गतका कार्यक्रम :

- निजि क्षेत्र र सरोकारवाला बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम (मेयर संग रोजगार दाता)
- आन्तरिक रोजगारी विवरण सङ्कलन
- वाईरिंग तथा प्लम्बर तालिम (रोजगारीमा पदस्थापन सहित)
- रोजगार मेलामा सहभागिता
- स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला संग अन्तरक्रिया कार्यक्रम

## ३.३.१ निजि क्षेत्र र सरोकारवाला बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम (मेयर संग रोजगार दाता)

**परिचयः**

रोजगार सेवाकेन्द्रबाट नागरिकलाई व्यवसायीक सीप विकास, रोजगार प्रवद्धन, उद्यमशिल रोजगारी सृजना, उद्यमशिलता प्रवद्धन, आप्रवासन लगायतका श्रम तथा रोजगार सम्वन्धि सेवा सुविधा स्थानीय तहबाट एकिकृत रुपमा प्रदान गर्न एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

कार्यान्वयनमा आई यस सग सम्वन्धित र सरोकारवाला पक्षहरु विच अन्तरक्रिया तथा छलफल गरी प्राप्त सुझाव, सल्लाहहरु बमोजिम यस कार्यक्रमलाई अझै प्रभावकारी र नमुना कार्यक्रम बनाउने उद्देश्यले नेपालगञ्ज उपमहानगरपालिका, रोजगार सेवा केन्द्रबाट यो कार्यक्रम सञ्चालन गरिएको हो ।

## कार्यक्रमको उद्धेश्यः

- सम्वन्धित सरोकारवालाहरुलाई रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरुको बारेमा जानकारी गराउनु,
- रोजगार दाता र नगर प्रमुख बीच छलफल गरी आगामी आ.बको लागि रोजगारीमा पदस्थापन गर्न आवश्यक पर्ने कार्यक्रम तय गर्ने,
- रोजगार सँग सम्वन्धित कानुनी व्यवस्था तथा एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० सम्वन्धमा जानकारी गराउनु,
- रोजगारदाता र बेरोजगारीहरु विचको सम्वन्ध स्थापित गरी रोजगारीमा पदस्थापन गर्न आवश्यक सहयोग पुर्याउनु,
- सरोकारवालाहरु विच सहकार्य र समन्वय गरी एकिकृत रोजगार सेवा प्रदान गर्नु,
- रोजगारदाता र बेरोजगारीहरु विचमा देखिएका व्यवहारिक समस्याका सम्वन्धमा छलफल गरी आवश्यक सिकाई प्राप्त गर्नु,
- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारलाई व्यवसायीक सिप विकास, रोजगार प्रवद्धन, उत्पादनशिल रोजगार सृजना, उद्यमशिलता प्रवद्धन गर्नमा आवश्यक सहयोग पुर्याउनु,
- सुरक्षित आप्रवाशन तथा कल्याणकारी सेवा सम्बन्धि जानकारी गराउनु,
- सामाजिक सुरक्षा कोषको बारेमा जानकारी गराउनु, आदि ।

## अन्तरक्रिया संचालन विधि :

- अन्तरक्रियामा सहभागीहरुको पहिचान गरी आमन्त्रण गर्ने,
- यससँग सम्वन्धित विषयमा विज्ञद्धारा कार्यपत्र प्रस्तुत गराउने,
- सहभागीहरुबाट आवश्यक सुझाव, सल्लाह र पृष्ठपोषण प्राप्त गर्ने,
- प्राप्त सुझावहरु मथि व्यापक छलफल गरी निचोडमा पुग्ने,
- कार्यक्रमको समापन गर्ने । आदि ।

## सहभागीहरु

नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, उद्योग बाणिज्य संघ, होटेल व्यवसायी संघ, पत्रकार महासंघ, घरेलु तथा साना उद्योग महासंघ, औषधी व्यवसायी संघ, उद्योगहरु, होटेल व्यवसायीहरु ।

## कार्यक्रम संचालन प्रस्तावित मितिः २०८१ असार ०२ गते

## मुख्य उपलब्धि :-

- सम्वन्धित सरोकारवालाहरुलाई रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरुको बारेमा जानकारी गराइयो,
- रोजगार दाता र नगर प्रमुख बीच छलफल गरी आगामी आ.बको लागि रोजगारीमा पदस्थापन गर्न आवश्यक पर्ने कार्यक्रम तय गर्ने प्रतिबद्धता गराइयो,
- रोजगार सँग सम्वन्धित कानुनी व्यवस्था तथा एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० सम्वन्धमा जानकारी गराइयो,
- रोजगारदाता र बेरोजगारीहरु विचको सम्वन्ध स्थापित गरी रोजगारीमा पदस्थापन गर्न आवश्यक सहयोग पुर्याउने प्रतिबद्धता गराइयो,
- रोजगारदाता र बेरोजगारीहरु विचमा देखिएका व्यवहारिक समस्याको समाधान गर्न स्थानीय तहको अगुवाईमा ट्रेड यूनियन संग छलफल गरी समस्याको समाधान गर्ने प्रतिबद्धता गराइयो,
- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारलाई व्यवसायीक सिप विकास, रोजगार प्रवद्धन, उत्पादनशिल रोजगार सृजना, उद्यमशिलता प्रवद्धन गर्नमा आवश्यक सहयोग पुर्याउने प्रतिबद्धता गराइयो,
- सुरक्षित आप्रवाशन तथा कल्याणकारी सेवा सम्बन्धि जानकारी गराइयो, आदि ।

## खर्च

| क.स. | मिति | विल.नं | विवरण | जम्मा भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१-०३-०६ | ०५५५५ | खाजा र खाना खर्च | २७,४७०.०० | |
| २ | २०८१-०३-०२ | १९३४ | स्टेशनरी | ३,४००.०० | |
| ३ | २०८१-०३-०२ | १००८ | ब्यानर | १,०००.०० | |
| ४ | २०८१-०३-०२ | | भत्ता | ३२,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २०८१-०३-०२ | | संचार खर्च | १,०००.०० | |
| ६ | २०८१-०३-०२ | | संयोजन | ५००.०० | |
| ७ | २०८१-०३-०२ | | सहयोगी | १५०.०० | |
| ८ | २०८१-०३-०२ | | प्रतिवेदन खर्च | ५००.०० | |
| | | | **जम्मा** | ६६,०२०.०० | |


## ३.३.२ वाईरिंग तथा प्लम्बर तालिम (रोजगारीमा पदस्थापन सहित)

❖ **कार्यक्रमको पृष्ठभूमी :**

नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०८०/०८१ का लागि स्वीकृत माथि उल्लेखित सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरि स्वरोजगार बनाउने उद्देश्य रहेको छ ।तालिममा नेपालगञ्ज उपमहानगरपालिकाको बिभिन्न वडा बाट ४० जना युवा सहभागी हरु छनौट गरी २०/२० जनालाई वाईरिंग तथा पलम्बर तालिम( रोजगारीमा पदस्थापन सहित) तालिममा समाबेश गराई ३९० घण्टे तालिम सेवा प्रदायक संस्था द्वारा संचालन गरिएको हो ।

❖ **कार्यक्रमको उद्देश्य तथा लाभान्वित वर्ग :**

यस उप-महानगर क्षेत्रमा स्थायी बसोवास गरिरेहका १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका आर्थिक रुपले विपन्न सुचिकृत बेरोजगार व्यक्ति, महिला, मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाति, थारु, सीमान्तकृत लोपोन्मुख अल्पसंख्यक, फरक क्षमता, फरक पहिचान भएका, अपांगता, द्वन्द पिडित, गरिब किसान, मजदूर र साना व्यवसायी समूहका युवायुवतीहरुको सहभागीतामा सीपमूलक तालिम प्रदान गरि रोजगारमा पदस्थापन गराई आर्थिक सशक्तिकरणमा टेवा पुरयाउनु रहेकाले प्रस्तावदाताले प्रस्ताव तयार गर्दा उक्त कुरालाई मनन गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।



## प्लम्बर तालिमको प्रशिक्षार्थीहरुको नामावली

| क्र.सं. | सहभागीको नाम थर | बाबुको नाम थर | ठेगाना | सम्पर्क नंम्बर | फोटो |
|---|---|---|---|---|---|
| १ | निरंकार राज पाण्डे | कृष्ण कुमार पाण्डे | नेपालगंज - १४ | ९८०४५५१८५८ |  |
| २ | राहुल भुजुवा | राम प्रसाद भुजवा | नेपालगंज - २१ | ९८१६५२९८९१ |  |
| ३ | सन्दिप घर्ती | सुक बहादुर घर्ती | नेपालगंज - १८ | ९८२२४४६६८१ |  |
| ४ | धन बहादुर बोहरा | टेक बहादुर बोहरा | नेपालगंज - २० | ९७०४६४४२८५ |  |
| ५ | अमरेश कुमार कहार | सतिश कहार | नेपालगंज - १७ | ९८४५८०३९३४ |  |
| ६ | कृपाराम धोबी | राम बरन धोबी | नेपालगंज - २१ | ९७०६७८९०६३ |  |
| ७ | धर्म राज गिरी | राम किशोर गिरी | नेपालगंज - १४ | ९७०३१२६२६३ |  |
| ८ | सन्दिप कौलिक | विपत कौलिक | नेपालगंज - १७ | ९८१२४६०७३७ |  |
| ९ | ओमकार अहिर | बाबुराम अहिर | नेपालगंज - १७ | ९८२६५८६५५२ |  |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | अरबिन्द गिरी | भगवान गिरी | नेपालगंज - १४ | ९८२५५०३१७२ |  |
| ११ | अंकित कुमार यादव | अमृत लाल यादव | नेपालगंज - १७ | ९८१२५१७१९५ |  |
| १२ | रमेश कुमार चौधरी | दयाराम थारु | नेपालगंज - १२ | ९८४८२५६६३७ |  |
| १३ | दुर्गेश अहिर | छविलाल अहिर | नेपालगंज - १७ | ९८१२५६४६६९ |  |
| १४ | भागीराम चौधरी | हुरमुनिया थारु | नेपालगंज - १० | ९८०८३०८०४२ |  |
| १५ | उमेश कुमार श्रेष्ठ | राम कुमार श्रेष्ठ | नेपालगंज - १२ | ९८४२७१६४९८ |  |
| १६ | धन बहादुर सुनार | कालि बहादुर सुनार | नेपालगंज - १८ | ९८२०२३०४६६ |  |
| १७ | सुसिल अहिर | वलराम अहिर | नेपालगंज - १७ | ९८१२४९६०५१ |  |
| १८ | सागर सिँह वोहरा | अंगबिर सिँह बोहरा | नेपालगंज - ०६ | ९८४३९६८०५५ |  |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | जग्गु धोबी | परस राम धोबी | नेपालगंज - २१ | ९८१२४९१७४३ |  |
| २० | रोहित गिरी | शिव गोपाल गिरी | नेपालगंज - १४ | ९८१८७८५८३७ |  |

## वायरिङ्ग तालिमको प्रशिक्षार्थीहरुको नामावली

| क्र.सं. | सहभागीको नाम थर | बाबुको नाम थर | ठेगाना | सम्पर्क नंम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अब्दुल रसुल साई | अब्दुल अली साई | नेपालगंज - ०४ | ९८१६५५२६२६ |  |
| २ | रज्जब अली बागवान | हजरत अली बागवान | नेपालगंज - १४ | ९८१६५००२२५ |  |
| ३ | कृष्ण बढही | जय सिंह बढही | नेपालगंज - १४ | ९८२२४४४६५२ |  |
| ४ | राजेश कुमार वर्मा | कमला प्रसाद कुर्मी | नेपालगंज - १४ | ९८६८३६०७८८ |  |
| ५ | रबिन्द्र कुमार बर्मा | धर्मेन्द्र कुमार वर्मा | नेपालगंज - १४ | ९८०४५०२६१८ |  |
| ६ | प्रधुम्न प्रकाश पाण्डे | कृष्ण कुमार पाण्डे | नेपालगंज - १४ | ९८६८१६४५५० |  |
| ७ | अनुप कुमार यादव | छोटे लाल अहिर | नेपालगंज - २३ | ९७६५८५७५३७ |  |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | रितिक दहित | गोपाल चौधरी | नेपालगंज - १५ | ९८६६४४३७२३ |  |
| ९ | दिपेश बुढाथोकी | डम्बर बहादुर बुढाथोकी | नेपालगंज - २० | ९८२२५०४२८४ |  |
| १० | अमृत वाग्ले | हिमलाल वाग्ले | नेपालगंज - १५ | ९८२५१०६८०६ |  |
| ११ | राम कुमार काँदु | भगौती काँदु | नेपालगंज - २१ | ९८०४५१२६७४ |  |
| १२ | चेत राज थापा | राम बहादुर थापा | नेपालगंज -०४ | ९८४८४५४७९७ |  |
| १३ | दल सिंगार थादव | राम कुमार यादव | नेपालगंज - १७ | ९८२१३७८४८० |  |
| १४ | बिनोद कुमार बढही | दुखी राम बढही | नेपालगंज - १७ | ९८१२४७७९९८ |  |
| १५ | श्रीयास राज बज्राचार्य | बरुण कुमार बज्राचार्य | नेपालगंज - १२ | ९८०८७७५०९७ |  |
| १६ | राम मुरत रैदास | जैपाल चमार | नेपालगंज - १८ | ९८२७८५२५७४ |  |
| १७ | टेकराज कार्की | मिन वहादुर कार्की | नेपालगंज - १२ | ९८६४९४१४७० |  |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | राजु कान्दु | बिरेन्द्र बाबु कान्दु | नेपालगंज - १७ | ९८१२५७७३४३ |  |
| १९ | आनन्द कुमार वर्मा | प्रहलाद कुर्मी(वर्मा) | नेपालगंज - १५ | ९८४३७७६२७३ |  |
| २० | अशोक कुमार वर्मा | लिखनदार कुर्मी | नेपालगंज - १४ | ९८२६५०७५९३ |  |

## ३.३.३ स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला संग अन्तरक्रिया कार्यक्रम

### पृष्ठभूमि :-

रोजगार सेवाकेन्द्रबाट नागरिकलाई व्यवसायीक सीप विकास, रोजगार प्रवद्धन, उद्यमशिल रोजगारी सृजना, उद्यमशिलता प्रवद्धन, आप्रवासन लगायतका श्रम तथा रोजगार सम्वन्धि सेवा सुविधा स्थानीय तहबाट एकिकृत रुपमा प्रदान गर्न एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० कार्यान्वयनमा आई यस सग सम्वन्धित र सरोकारवाला पक्षहरु विच अन्तरक्रिया तथा छलफल गरी प्राप्त सुझाव, सल्लाहहरु बमोजिम यस कार्यक्रमलाई अझै प्रभावकारी र नमुना कार्यक्रम बनाउने उद्देश्यले नेपालगञ्ज उपमहानगरपालिका, रोजगार सेवा केन्द्रबाट यो कार्यक्रम सञ्चालन गरिएको हो ।

### उद्देश्य :-

- सम्वन्धित सरोकारवालाहरुलाई रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरुको बारेमा जानकारी गराउनु,
- रोजगार सँग सम्वन्धित कानुनी व्यवस्था तथा एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० सम्वन्धमा जानकारी गराउनु
- सुरक्षित आप्रवाशन तथा कल्याणकारी सेवा सम्बन्धि जानकारी गराउनु,

### कार्यक्रम संचालन विधि :-

- अन्तरक्रिया तथा छलफल,
- प्रस्तुतीकरण,
- सहजीकरण,

**कार्यक्रम संचालन मिति :-**

- २०८१जेष्ठ १२ गते


**मुख्य उपलब्धि :-**


- नेपालगञ्ज उप-महानगरपालिकाको वडा सदस्यहारुलाई वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायताको बारेमा जानकारी गराइयो,
- ब्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतीको बारेमा जानकारी गराइयो,
- सुरक्षित र मर्यादित आप्रवासन सम्बन्धि जानकारी गराइयो,
- रोजगार सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी गराइयो ।

**कार्यक्रम संचालन गर्ने स्थान :-**

- नेपालगंज उपमहानगरपालिका

**सहभागी**




**खर्च**

| क.स. | मिति | विल.नं | विवरण | जम्मा भ्याट सहित | कर कट्टी रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०८१-०२-१२ | ४१६ | खाजा तथा खाना खर्च | ३३,००१.६५ | ४३८.०८ | ३२,५६३.५८ | |
| २ | २०८१-०२-११ | १०७८ | ब्यानर | १,०००.०० | १५.०० | ९८५.०० | |
| ३ | २०८१-०२-१२ | | यातायात | २२,५००.०० | - | २२,५००.०० | |
| ४ | २०८१-०२-१२ | | संयोजक भत्ता | ५००.०० | ७५.०० | ४२५.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | २०८१-०२-१२ | | प्रतिवेदन खर्च | १,०००.०० | १५०.०० | ८५०.०० | |
| ६ | २०८१-०२-१२ | | कार्यपत्र | ३,०००.०० | ४५०.०० | २,५५०.०० | |
| ७ | २०८१-०२-१२ | | संचार खर्च | ५००.०० | ७५.०० | ४२५.०० | |
| ८ | २०८१-०२-१२ | | अनुगमन | ४,०००.०० | ६००.०० | ३,४००.०० | |
| ९ | २०८१-०२-११ | ११९४४ | स्टेशनरी | ४,५००.०० | ६७.५० | ४,४३२.५० | |
| | | | जम्मा | ७०,००१.६५ | १,८७०.५८ | ६८,१३१.०८ | |

## ३.४ कल्याणकारी सेवा सहजीकरण

**परिचय :-**

नेपाल सरकारले बैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्न, सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा बैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण कार्य गर्ने प्रयोजनको लागि बैदेशिक रोजगार बोर्डको व्यवस्था गरेको छ ।बैदेशिक रोजगार ऐन २०६४ को दफा ३८ मा भएको व्यवस्था बमोजिम यस वोर्डको गठन भएको हो । वोर्डको नियमित कार्य संचालन गर्न बैदेशिक रोजगार वोर्डको सचिवालय छ । वोर्डवाट हालसम्म मूख्यरुपमा मृतकका परिवारलाई आर्थिक सहायता, बिरामी एंव अंगभंग भएकालाई उपचार खर्च, बिदेशमा अलपत्र परेका शव ल्याउन सहयोग, रोजगारदाता मुलुकमा आन्तरिक विद्रोह, आर्थिकमन्दीका कारण अलपत्र परेका कामदारलाई उद्धार गर्ने, जनचेतनामुलक कार्यक्रमहरु संचालन, बिदेशमा सुरक्षित गृह संचालन गर्ने कार्य गर्दै आएको छ । सोहि सन्दर्भमा नेपालगंज उपमहानगरपालिकाकाबाट यस आर्थिक बर्षमा देहाय बमोजिमको कल्याणकारी सेवाहरुको बारेमा सहजीकरण गरिएको छ ।

शव झिकाउनको लागि निवेदन
२ जना

क्षतिपूर्ति (मृत्यु)
१० जना

विरामी र अंगभंग
१२ जना

छात्रवृत्ती कार्यक्रमको विवरण
८ जना

## ३.५ स्थानीय निर्देशक समिति बैठक

रोजगारको हक सम्बन्धी नियमावली २०७५ को नियम १४ बमोजिम नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि मिति २०७९-१०-०९ मा नेपालगंज उपमहानगरपालिकाका प्रमुख श्री प्रशान्त विष्टको अध्यक्षतामा स्थानीय निर्देशक समिति गठन भएको हो । गठन भएको मिति देखि हालसम्म ३ पटक बैठक बसी तपशिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

तपशिल

- ❖ एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८० सम्बन्धि जानकारी गराउने सम्बन्धमा ।
- ❖ रोजगार रणनीति छपाउने सम्बन्धमा ।
- ❖ २०८०/८१ का लागि सुचिकृत बेरोजगार सुची स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने सम्बन्धमा ।
- ❖ रोजगार सेवा केन्द्रको चौमासिक कार्ययोजना तथा योजना कार्यान्वयन सम्बन्धमा ।
- ❖ रोजगार संबाद मञ्चको कार्यविधि निर्माण गरी संबाद मञ्च संचालन सम्बन्धमा ।
- ❖ श्रम बैंक निर्माण सम्बन्धमा छलफल ।
- ❖ शिप तथा क्षमता विकास तालिम सम्बन्धमा ।
- ❖ रोजगार संबाद मंच संचालन कार्यविधि सम्बन्धमा ।
- ❖ श्रमको सम्मान अभियानको लागि वडा छनौट गर्ने सम्बन्धमा ।
- ❖ कल्याणकारी सेवा सम्बन्धमा ।
- ❖ आगामी १० बर्षको आन्तरिक रोजगारी सिर्जना प्रक्षेपण सम्बन्धमा ।
- ❖ रोजगार संबाद मञ्च गठन तथा संचालन सम्बन्धमा ।
- ❖ बेरोजगार सूचीकरण सम्बन्धमा ।
- ❖ रोजगार संबाद मञ्च गठन सम्बन्धमा ।
- ❖ आगामी बर्षको नीति तथा कार्यक्रमको लागि सुझाव संकलन तथा सिफारिस सम्बन्धमा ।

## ३.६ व्यक्तिगत नयाँ तथा पुनः श्रम स्वीकृति

वैदेशिक रोजगारी ऐन, २०७४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ ले बैदेशिक रोजगारमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छ । वैदेशिक रोजगार लाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, भरपर्दो, पारदर्शी, तथा सहज बनाउन मिति २०७९-१२-१६ को नेपाल सरकार (सम्ममनिय प्रधानमन्त्री तथा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रि) स्तरीय निर्णय बाट स्थानीय तहबाटै वैदेशिक रोजगारी सम्बन्धि सूचना सरोकारवालामा पुर्याउने र वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम र पुनः श्रम स्वीकृतिका आवेदन गर्ने कार्य २०८० बैसाख १ गते देखि ७५३ वटै स्थानीय तहमा

रहेका रोजगार सेवा केन्द्र मार्फत समेत गर्ने निर्णय भएकोले हाल सम्म यस नेपालगंज उपमहानगरपालिका रोजगार सेवा केन्द्र बाट ११२ जनालाई नयाँ र पुनः श्रम स्वीकृति प्रदान गरिएको छ ।

## ३.७ रोजगार संबाद मञ्च संचालन

### पृष्ठभूमि :-

नेपालगंज उपमहानगरपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न, रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवम् सञ्चार जगत समेतको सहभागितामा रोजागार सम्वाद मञ्च गठन तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम २४ बमोजिम यो रोजगार सम्वाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० तर्जुमा गरी लागू गरिएको छ । त्यसैलाई कार्यान्यवन गर्नको लागि रोजगार संबाद मंचको वैठक संचालन गर्न लागिएको हो । साथै वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको ज्ञान सीपको आधारमा आगामी दिनहरुमा स्थानीय तह बाट कस्तो किसिमको कार्यक्रम संचालन गर्ने भन्ने बिषयमा बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको संजालसंग बैठक बसी उनीहरुको माग बमोजिम कार्ययोजना तयार गर्नको लागि यो कार्यक्रम संचालन गरिएको हो ।

### उद्देश्य :-

- नेपालगञ्ज उपमहानगरपालिका रोजगार सेवा केन्द्र बाट प्रदान गरिने सेवालाई प्रभावकारी ढंगले संचालन गर्न आवश्यक नीतिगत सुझाव संकलन गरी नीति तथा कार्यक्रममा समाबेश गर्ने,
- रोजगार सँग सम्वन्धित कानुनी व्यवस्था तथा एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० सम्वन्धमा जानकारी गराउनु,
- सुरक्षित आप्रवाशन तथा कल्याणकारी सेवा सम्बन्धि जानकारी गराउनु,

### कार्यक्रम संचालन विधि :-

- अन्तरक्रिया तथा छलफल,
- प्रस्तुतीकरण,
- सहजीकरण,

### कार्यक्रम संचालन मिति :-

- २०८१ असार ०३ गते

### मुख्य उपलब्धि :-


- रोजगार सँग सम्वन्धित कानुनी व्यवस्था तथा एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० सम्वन्धमा जानकारी गराइयो,


| कार्यक्रमको विवरणः | | | |
|---|---|---|---|
| लक्षित बर्ग | बिषय | माध्यम | कैफियत |
| • रोजगार उपभोक्ता समिति | • रोजगार उपभोक्ता समितिले स्थानीय तह सँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन<br>• आयोजनको भुक्तानीको लागि आवश्यक कागजात तथा प्रक्रियाको बारेमा जानकारी<br>• खर्च सार्बजनिक तथा अन्य निर्णयको अभिलेख राख्ने जानकारी<br>• न्यूनतम रोजगारीमा सहभागिता अभिवृद्धि गर्न | • रोजगार सेवा केन्द्रले योजना संचालन भइरहेका वडाका रोजगार उपभोक्ता समितिको भेला गरि अभिमुखिकरण र छलफल गर्ने | |

**उपलब्धिहरु :**

- रोजगार उपभोक्ता समितिले स्थानीय तह सँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गरेका छन्,
- उपभोक्ता समितिका पदाधिकारीले श्रमिकको हाजिरी अभिलेख तथा बैक खाता संचालन सम्बन्धि जानकारी प्राप्त गरेका छन्,
- न्यूनतम रोजगारीमा सहभागिता अभिवृद्धि गर्ने बिस्तृत जानकारी प्राप्त गरेका छन्,
- कल्याणकारी सेवाको बारेमा सूचना प्राप्त गरेका छन् ।

**सहभागी :**




**खर्च बिवरण :**

| क.सं. | क्रियाकलाप | जम्मा | कैफियत |
| --- | --- | --- | --- |
| १ | खाजा | ७,५००.०० | |
| २ | यातायात | १२,५००.०० | |
| ३ | सहयोगी खर्च | १५०.०० | |
| ४ | संयोजक खर्च | ५००.०० | |
| ५ | प्रतिवेदन खर्च | १०००.०० | |
| ६ | प्रोजेक्टर | १,०००.०० | |
| अक्षरेपी : बाईस हजार छ सय पचास मात्र | | २२,६५०.०० | |

## ३.९ कल्याणकारी सेवा, सुरक्षित आप्रवासन र बैदेशिक रोजगारी सम्बन्धमा जनप्रतिनिधि संग छलफल कार्यक्रम

**पृष्ठभूमि :-**

नेपाल सरकारले बैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्न, सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा बैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण कार्य गर्ने प्रयोजनको लागि बैदेशिक रोजगार बोर्डको व्यवस्था गरेको छ ।बैदेशिक रोजगार ऐन २०६४ को दफा ३८ मा भएको व्यवस्था बमोजिम यस वोर्डको गठन भएको हो । वोर्डको नियमित कार्य संचालन गर्न बैदेशिक रोजगार वोर्डको सचिवालय छ । वोर्डवाट हालसम्म मूख्यरुपमा मृतकका परिवारलाई आर्थिक सहायता, बिरामी एंव अंगभंग भएकालाई उपचार खर्च, बिदेशमा अलपत्र परेका शव ल्याउन सहयोग, रोजगारदाता मुलुकमा आन्तरिक विद्रोह, आर्थिकमन्दीका कारण अलपत्र परेका कामदारलाई उद्धार गर्ने, जनचेतनामुलक कार्यक्रमहरु संचालन, बिदेशमा सुरक्षित गृह संचालन गर्ने कार्य गर्दै आएको छ । सोहि सन्दर्भमा नेपालगंज उपमहानगरपालिकाका जनप्रतिनिधिहरु संग बोर्डबाट प्रदान गरिरहेको आर्थिक सहायताको बारेमा जानकारी गराउनको लागि यो कार्यक्रम गरिएको हो ।

**उद्देश्य :-**

- वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायताको बारेमा जानकारी गराउन,
- ब्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतीको बारेमा जानकारी गराउन,
- सुरक्षित र मर्यादित आप्रवासन सम्बन्धि जानकारी गराउन,

**कार्यक्रम संचालन विधि :-**


- अन्तरक्रिया तथा छलफल,


❖ प्रस्तुतीकरण,
❖ सहजीकरण,

## १. मुख्य उपलब्धि :-

❖ नेपालगञ्ज उप-महानगरपालिकाको वडा सदस्यहारुलाई वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायताको बारेमा जानकारी गराइयो,
❖ व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतीको बारेमा जानकारी गराइयो,
❖ सुरक्षित र मर्यादित आप्रवासन सम्बन्धि जानकारी गराइयो,
❖ रोजगार सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी गराइयो ।

## सहभागी :-




## खर्च

| क्र.स. | मिति | विल.नं | विवरण | जम्मा भ्याट सहित | कर कट्टी रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०८१-०२-१३ | ४१७ | खाजा र खाना खर्च | ३०,०६८.१७ | ३९९.१४ | २९,६६९.०४ | |
| २ | २०८१-०२-११ | १०८० | ब्यानर | १,०००.०० | १५.०० | ९८५.०० | |
| ३ | २०८१-०२-१३ | | यातायात | २३,०००.०० | - | २३,०००.०० | |
| ४ | २०८१-०२-१३ | | कार्यपत्र | १,५००.०० | २२५.०० | १,२७५.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | २०८१-०२-१३ | | संचार खर्च | ४००.०० | ६.०० | ३९४.०० | |
| ६ | २०८१-०२-१३ | | प्रतिवेदन खर्च | १,०००.०० | १५०.०० | ८५०.०० | |
| | | | जम्मा | ५६,९६८.१७ | ७९५.१४ | ५६,१७३.०४ | |

## ३.१० वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको संजालसंग वैठक

### पृष्ठभूमि :-

वैदेशिक रोजगार नियमावली २०६४ को नियम ५२(क,१) को अधिकार प्रयोग गरी वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ लागु भईसकेको अवस्थामा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, शीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशिलताको विकास तथा सीपको प्रवद्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकिकरण गर्नका लागि रोजगारीमा आवद्धता हुने कार्यक्रम र उद्यमशिलता प्रवद्धन गर्नका कस्ता कार्यक्रमहरु संचालन गर्न सकिन्छ भन्ने सन्दर्भमा नेपालगञ्ज उपमहानगरपालिका भित्रका रिटर्नीहरु संग छलफल गरी सुझाव संकलन गरी सम्बन्धित निकायमा प्रेषित गर्न र आगामी आ.ब.को नीति तथा कार्यक्रम बनाउनको लागि कार्यक्रम सञ्चालन गरिएको हो।

### उद्देश्य :-

- कल्याणकारी सेवा सम्बन्धि जानकारी गराउनु,
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम संचालन सम्बन्धमा छलफल र सम्भावित कार्यक्रमको योजना निर्माण सम्बन्धि छलफल,

### कार्यक्रम संचालन विधि :-

- अन्तरक्रिया तथा छलफल,
- प्रस्तुतीकरण,
- सहजीकरण,

### कार्यक्रम संचालन मिति :-

- २०८१ जेष्ठ ३२ गते


### मुख्य उपलब्धि :-


- कार्यक्रमका सहभागीबाट देहाय बमोजिमको सुझाव संकलन गरी सम्बन्धित निकायमा पेश गरियो ।

- <u>देहाय</u>

- संघ, प्रदेश र स्थानीय तहले तालिम संचालन गर्दा रिटर्नीहरुको समय लाई मध्यनजर गरी कार्यक्रम तालिका बनाउनु पर्ने जसको लागि स्थानीय पालिका तथा वडाले समन्यव गरी समय र अवधि निश्चित गर्नु पर्ने ।
- तालिमहरु संचालन गर्दा रिटर्नीहरु संग समन्वय गरी तालिमका बिषय छनोट गर्नु पर्ने जसले गर्दा जीवन स्तर सुधार र दिर्घकालिन रोजगारीको सुनिश्चितता हुन सकोस ।
- प्राय जसो रिटर्नीहरु खाडी मुलुक बाट फर्किएकाले आधुनिक सीप तथा दक्षता यथेस्ट रुपमा नभएको र भएकोले पनि त्यहाँको जस्तो आधुनिक मेसिन तथा उद्योग संचालनमा नरहेकोले आफुमा भएको दक्षता लाई प्रस्फुटन गर्न नसकेकोले आधुनिक कृषि तथा पशुपालन सम्बन्धि मेशिनरी सहयोग तथा तालिम संचालन भएमा गरी दिर्घकालिन रोजगारी संगै वैदेशिक रोजगारीलाई समेत कम गर्न सकिने देखिन्छ ।
- पुनः एकीकरण कार्यक्रमलाई निरन्तरता दिनु पर्ने ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नु पर्ने ।
- तालिम संचालन गर्दा स्थानीय तहको श्रम बजारको माग अनुसार गर्नु पर्ने ।
- संघीय स्तरबाट संचालित तालिमहरु प्रत्यक्ष सेवा प्रदायक संस्था मार्फत संचालन गर्दा तालिमको प्रभावकारिता निकै नै कम भएको तालिमका लागि मात्र तालिम भएको देखिएकोले यसमा सम्बन्धित निकायको ध्यान केन्द्रित हुन् जरुरी देखिन्छ ।

**सहभागी :-**



## खर्च

| क्र.स. | मिति | विल.नं | विवरण | जम्मा भ्याट सहित | कर कट्टी रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०८१-०२-३२ | ४१८ | खाजा खर्च | ८,९८३.५० | ११९.२५ | ८,८६४.२५ | |
| २ | २०८१-०२-११ | १०७९ | ब्यानर | १,०००.०० | १५.०० | ९८५.०० | |
| ३ | २०८१-०२-३२ | | यातायात | १५,०००.०० | - | १५,०००.०० | |
| ४ | २०८१-०२-३२ | | संयोजक भत्ता | ५००.०० | ७५.०० | ४२५.०० | |
| ५ | २०८१-०२-३२ | | प्रतिवेदन खर्च | १,०००.०० | १५०.०० | ८५०.०० | |
| ६ | २०८१-०२-३२ | १९४५ | स्टेशनरी | ३,०००.०० | ४५.०० | २,९५५.०० | |
| | | | जम्मा | २९,४८३.५० | ४०४.२५ | २९,०७९.२५ | |

## ३.११ अनुगमन तथा मुल्यांकन

### परिचयः

नेपालको संविधान २०७२ मा भएको मौलिकहक अन्तर्गत धारा ३३ मा भएको रोजगार सम्वन्धि हकको प्रत्याभुत गर्ने प्रयोजनको लागि संघीय सरकारको आर्थिक वष २०७५/७६ को नीति तथा कार्यक्रममा आगामी ५ वर्षमा कुनैपनि युवालाई बेरोजगारीको कारण बैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्ने नीति बमोजिम बनेका रोजगारीको हकसम्वन्धि ऐन २०७५, रोजगारीको हकसम्वन्धि नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा रही यस कार्यालयका लागि विनियोजित बजेट बमोजिम उक्त योजनाहरु प्रभावकारीरुपले सञ्चालन तथा कार्यान्वयन भए/नभएको सम्वन्धमा स्थलगतरुपमा अनुगमन तथा मूल्यांकन गरी योजनाको कार्यान्वयनमा सहजीकरण गर्ने उद्धेश्यले नगरपालिकाको अनुगमन समितिका पदाधिकारीहरु,सम्बन्धीत वडाका वडा अध्यक्षहरु सम्बन्धीत शाखाका कर्मचारीहरु,प्राविधिक बाट पृष्ठपोषण सहितको सुझाव,सल्लाह र कार्यान्वयनमा सहजताका लागि अनुगमन गरी प्रतिवेदन पेश गरिएको छ ।

### कार्यक्रमको उद्धेश्यः

- योजनाहरु तोकिएको समयमा शुरु भई समयमा नै सम्पन्न गर्नमा सहजता प्रदान गर्नु,
- सम्वन्धित वडाहरुले बेरोजगारीको सूचिमा रहेको व्यक्तिहरुबाट काम गराए नगराएको सम्वन्धमा अनुगमन गर्नु,

- कुनैपनि योजनाहरुको कार्यान्वयनमा आईपर्ने समस्याको सहजिकरण गर्नु,
- खर्चको पारदर्शिता गर्ने तर्फ आवश्यक सहजिकरण गर्नु,

## अनुगमनकर्ताहरु

१. स्थानीय तहको अनुगमन समितिका पदाधिकारीहरु

२ स्थानीय निर्देशक समिति - पदाधिकारीहरु

३. सम्बन्धीत वडाका वडा अध्यक्षह

४.सम्बन्धीत वडाको प्राविधिक कर्मचारी -

५ रोजागर संयोजक/सहायक ।

## अनुगमन गरिएको स्थान, मिति तथा आयोजनाको बिवरण

| क.स. | योजनाको बिवरण | मिति | स्थान | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | महाराजा मा.वि जाने बाटोको दुवै तर्फको कुलो निर्माण र बाटोमा माटो पटान कार्य | २०८१-०२-२८ | नेपालगञ्ज -२१ | २,५४,८४२/- | जम्मा श्रमिक ७ जना |
| २ | डम्पिङ देखि जंगल जाने बाटोमा माटो पटान गरी बाटो निर्माण । | २०८१-०२-१५<br>२०८०-१२-०१ | नेपालगञ्ज -२३ | १,८५,३७०/-<br>४,१०,८२०/- | जम्मा श्रमिक १५ जना |
| ३ | श्री चन्द्र उदासिन बाबाकुटी मोडदेखि दक्षिण पुरैनी हुलाकी रोडसम्म माटो पटान तथा मर्मत । | २०८१-०२-२६ | नेपालगञ्ज -१९ | १,७८,३५६/- | जम्मा श्रमिक १६ जना |
| ४ | १.तिलकपुर देखि डुडुवा तटबन्ध सम्मको बाटोमा माटो पटान ।<br>२.रत्न राजमार्गबाट मनिकापुर गाउँ जाने पुल देखि लालजी यादवको घर हुँदै डुडुवा खोलासम्मको दुवै तर्फको कुलो निर्माण कार्य | २०८१-०१-२० | नेपालगञ्ज -२० | २,००,८६९.२९/-<br>४,१५,३१८.११/- | जम्मा श्रमिक ३० जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | १. सुर्खेत रोडदेखि मनकामना ग्यास कम्पनि हुदै जानकी गा.पा.को सिमानासम्म कुलो निर्माण । | २०८१-०३-१५ | | ५४८३३४.४८ | |

**अनुगमनमा देखिएको अवस्था र सुझावहरु :-**

- योजना कार्यान्वयन गर्ने क्रममा कतिपय योजनाहरु प्राविधिकको प्रत्यक्ष निगरानीमा नभएको देखिएकोले योजनाहरु कार्यान्वयन गर्दा प्राविधिकको प्रत्यक्ष निगरानी र लागत ईष्टिमेट वमोजिम मात्र काम गर्नको लागि जानकारी गराईएको,
- आयोजनाको अन्तीम भुत्तानीको लागि प्राविधिक को सम्पन्न प्रतिवेदन ,आयोजना सुरु हुनु अगाडी र सम्पन्न भईसकेपछिको फोटो र वडा अध्यक्षको सिफारिस सहित समयमा भुत्तानी लिन सुझाव गरियो ।
- कुनैपनि योजनाहरुको श्रमिकको ज्याला भुक्तानीको लागि प्राविधिकको प्रतिवेदन अनिवार्य भएकोले समयमा प्राविधिकले सम्पन्न प्रतिवेदन दिन अनुरोध गरिएको,
- खर्चको भुक्तानी प्रकृया, योजनाको विषयमा आवश्यकता अनुसार जानकारी गराईएको ।
- बेरोजगार व्यक्तिहरु काम पाएकोमा खुशी भए पनि ज्याला निकै कम भएको भन्ने गुनासो आएको।

**खर्च**

| सि.न. | अनुगमनकर्ता को नाम | पद | जम्मा भुक्तानी दिन | दर | जम्मा रकम | १५% कर कट्टी | खुद भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कमरुद्दीन राई | नगर उप-प्रमुख/अनुगमन समिति संयोजक | ५ | १०००.०० | ५,०००.०० | ७५०.०० | ४,२५०.०० | बैंक मार्फत भुक्तानी |
| २ | वसन्त कुमार कनौजिया | अनुगमन समिति सदस्य | ५ | १०००.०० | ५,०००.०० | ७५०.०० | ४,२५०.०० | बैंक मार्फत भुक्तानी |
| ३ | संगीता रेग्मी | अनुगमन समिति सदस्य | ५ | १०००.०० | ५,०००.०० | ७५०.०० | ४,२५०.०० | बैंक मार्फत भुक्तानी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | तेजेन्द्र रोकाय | अनुगमन समिति सदस्य सचिव | ३ | १०००.०० | ३,०००.०० | ४५०.०० | २,५५०.०० | बैंक मार्फत भुक्तानी |
| ५ | प्रदिप कुमार हरिजन | इन्जिनियर (कार्यक्रमका लागि तोकिएको) | ५ | १०००.०० | ५,०००.०० | ७५०.०० | ४,२५०.०० | बैंक मार्फत भुक्तानी |
| ६ | दिपेन्द्र श्रेष्ठ | अधिकृत | ५ | १०००.०० | ५,०००.०० | ७५०.०० | ४,२५०.०० | बैंक मार्फत भुक्तानी |
| ७ | हिक्मत बहादुर थापा माझी | अधिकृत छैठौ | २ | १०००.०० | २,०००.०० | ३००.०० | १,७००.०० | बैंक मार्फत भुक्तानी |
| ८ | मंजु ज्ञवाली | रोजगार संयोजक | ३ | १०००.०० | ३,०००.०० | ४५०.०० | २,५५०.०० | बैंक मार्फत भुक्तानी |
| ९ | अनुप कुमार बर्मा | रोजगार सहायक | ३ | १०००.०० | ३,०००.०० | ४५०.०० | २,५५०.०० | बैंक मार्फत भुक्तानी |
| जम्मा | | | ३६ | | ३६,०००.०० | ५,४००.०० | ३०,६००.०० | |

## ३.१२ १० वर्षे रोजगारी प्रक्षेपण

### पृष्ठभूमि

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १७ बमोजिम नागरिकको रोजगारीको हकको संरक्षण सम्बन्धी काम कारवाहीको सञ्चालन, रेखदेख तथा निर्देशन गर्न मिति २०८०/०९/२२ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षतामा बसेको निर्देशक समितिको बैठकबाट आगामी आर्थिक वर्ष २०८१/८२ देखी "आन्तरिक रोजगार प्रवर्द्धन दशक" का रुपमा अभियान सञ्चालन गर्ने, आन्तरिक रोजगार प्रवर्द्धन गर्ने निकायहरुलाई पूर्ण जिम्मेवार बनाई एकिकृत तवरले रोजगारमूलक क्रियाकलापको प्रवर्द्धन तथा विस्तार गर्ने प्रयोजनका लागि संघ, सबै प्रदेश तथा स्थानीय तहका निकायबाट रोजगारी विवरण माग भएकोले यस नेपालगंज उपमहानगरपालिकाको बिभिन्न क्षेत्रमा सिर्जना हुने आन्तरिक रोजगारीको बिवरण प्रक्षेपणका लागि मुख्य क्षेत्रका केहि निकाय तथा सम्बन्धित कार्यालयमा आन्तरिक रोजगार प्रक्षेपणको लागि स्थलगत अध्ययन गरिएको हो ।

### उद्देश्य

- आगामी दश वर्षमा सिर्जना हुन सक्ने आन्तरिक रोजगार बिवरणको आधार तयार गर्न सहज हुने ।
- अन्तरिक रोजगारीका क्षेत्रहरु पहिचान तथा अवस्था विश्लेषण ।

### अध्ययनको क्षेत्र

- स्वास्थ्य
- शिक्षा

- निर्माण
- उद्योग
- सरसफाई
- सेवा तथा परामर्श सेवा
- यातायात
- वित्तीय संस्था, इन्सुरेन्स
- कृषि, वन, पशु तथा मत्स्य पालन
- होटेल, पर्यटन तथा रेस्टुरेन्ट
- व्यवासय
- गै.स.स.

**स्थलगत अध्ययन मिति २०८० फाल्गुन १८ देखि २०८० फाल्गुन २७ गते सम्म स्थलगत अध्ययनको उपलब्धी**

- स्थानीय निर्देशक समिति मार्फत अध्ययनको लागि समुह निर्माण गरिएको,
- प्रत्येक समुहमा सम्बन्धित बिषयको बिज्ञ संयोजक रही स्थलगत अध्ययन गरियो,
- स्थलगत अध्ययनका लागि उपयुक्त फर्मेटमा तथ्यांक संकलन गरियो,
- सम्बन्धित निकायमा गएर छलफल मार्फत सिर्जना हुन् सक्ने आन्तरिक रोजगारीको तथ्यांक संकलन तथा उपलब्ध द्धितिय तथ्यांकहरुको विश्लेषण गरी आगामी १० बर्षको प्रक्षेपणको आधार तयार गरियो,
- स्थलगत अध्ययन पश्चात प्राप्त विवरणको आधारमा आगामी १० बर्षको आन्तरिक रोजगार प्रक्षेपण प्रतिवेदन तयार गरियो,
- स्थलगत अध्ययन प्रतिवेदन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यालयमा पठाइयो ।

**खर्च**

| क्र.सं. | क्रियाकलाप | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | खाजा खर्च | ८२००.०० | |
| २ | यातायात भत्ता | ४१०००.०० | |
| ३ | प्रतिवेदन | ६००.०० | |
| अक्षरेपी - उन्पचास हजार आठ सय मात्र । | | ४९८००.०० | |

## ४. मुख्य उपलब्धि, चुनौती र सुझाव :

उपलब्धि :-

- कामको लागि पारिश्रमिक मार्फत ६८ जनाले रोजगारी प्राप्त गरेको ।
- स्थानिय स्तरमा भएका समस्याहरुलाई स-साना भौतिक पुर्वाधारका माध्यमबाट समाधान गरी आर्थिक विकासमा टेवा दिनुका साथै सामाजिक विकासमा सहयोग पुगेको ।
- सामाजिक, आर्थिक रुपमा पछाडी परेका र विपन्न वर्गका घरपरिवारहरुलाई दैनिक जीवनयापन गर्न केही समयको लागि भए पनि सहज भएको ।
- बैदेशिक रोजगारीमा गएका २ जना मृतकको शब झिकाउन, १० जना मृत्यु भएका व्यक्तिको परिवारलाई आर्थिक सहायता १२ जना बिरामी अंगभंग भयका लाई आर्थिक सहयोग र ८ जनाको बिद्यार्थीलाई छात्रवृत्तिका लागि सहजीकरण गरिएको ।
- रोजगार सेवा केन्द्रबाट कल्याकारी सेवाको सहजीकरण हुँदा लाभग्राहीले सजिलै तरिकाले सुविधा पाएको र काठमाडौं जानु पर्ने, कागजात मिलाउनु पर्ने झंझटबाट मुक्त भई निकै सहज भएको सेवाग्राहीले महसुस गरेको ।
- स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवालालाई रोजगार सेवा केन्द्र बाट सहजीकरण गरिने कल्याणकारी सेवाको बारेमा अभिमुखीकरण कार्यक्रम संचालन गरी सबै वडामा सूचना प्रवाह गरिएको जसको कारण लाभग्राहीहरुले सूचना प्राप्त गरी सेवा लिनेको संखयामा वृद्धि भएको ।
- नमुना रोजगार सेवा केन्द्र संचालन कार्यक्रम अन्तर्गत ४० जना युवालाई प्लम्बर तथा वाईरिंगको रोजगारीमा पदस्थापन सहितको तालिम संचालन भई प्राप्त व्यक्तिहरु रोजगार तथा स्वरोजगारमा रहेको ।
- नेपालगञ्ज उपमहानगरपालिका भित्र आगामी १० बर्षमा सिर्जना हुन् सक्ने आन्तरिक रोजगारीको बिवरण संकलन तथा विश्लेषण गरी सिर्जना हुन् सक्ने रोजगारीको प्रक्षेपण गरेको ।
- यस आर्थिक वर्षमा मात्र ११२ जनाले श्रम स्वीकृति लिएको ।
- वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको संजाल सँग छलफल गरी उनीहरुसँग भएको सीप क्षमता अनुसारको रोजगारी सिर्जना गर्न आवश्यक तालिम तथा सहयोगको लागि वैदेशिक रोजगार बोर्डमा सुझाव पठाइएको ।

- ❖ रोजगार संबाद मञ्च गठन गरी रोजगार सेवा केन्द्र बाट प्रदान गरिने सेवालाई प्रभावकारी ढंगले संचालन गर्न आवश्यक नीतिगत सुझाव संकलनका गरी आगामी आ.व को लागि कार्यक्रम तय गरिएको ।
- ❖ निजि क्षेत्रमा भएका रोजगारीको अवसर समस्या र चुनौतिको बिषयमा छलफल भई आन्तरिक रोजगारी सिर्जना गर्न निजि क्षेत्रको अहम भूमिका हुन सक्ने भएकाले निजि क्षेत्रको प्रवर्धन सँगै रोजगारी सिर्जनालाई पालिकाले समेत महत्वपूर्ण बिषयको रुपमा लिइएकोले निजि क्षेत्र सँगको समन्वय सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गर्ने योजना निर्माण गरी बजेट बिनियोजन गरिएको ।

चुनौती :-

- ❖ कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक परियोजना संचालन गर्न स्थानीय श्रमिकको ज्याला दररेट र सरकारले तोकेको न्युनतम ज्याला भन्दा चलनचल्ती को ज्याला दर धेरै फरक हुँदा कार्यक्रम प्रति सकारात्मक धारणा ल्याउन गाऱ्हो ।
- ❖ कामको लागि पारिश्रमिक अन्तर्गत श्रमिकको ज्याला मात्र प्राप्त हुँदा साझेदारी गर्न झन्झटिलो मान्ने भएका कारण रोजगारी सृजना गर्न आयोजना पर्याप्त नहुनु ।
- ❖ शैक्षिक बेरोजगारहरुको व्यक्तिगत बिवरण र रोजगार दाताहरु संग यथेस्ट समन्वय, सहकार्य र श्रम बजारको माग र आपूर्ति अवस्था अध्ययन गर्न नसकिएको तथा रोजगार व्यवस्थापन सूचना प्रणालीमा समेत उल्लेखित कुराहरुलाई मन्त्रालयले समेट्न सक्ने व्यवस्था नबनेको हुँदा उचित व्यवस्थापन गर्न नसकिएको ।
- ❖ रोजगारदाताको माग अनुसार रोजगार सेवा केन्द्रमा श्रमिक तथा अन्य बेरोजगार जनशक्ति सुचिकृत हुने उपयुक्त व्यवस्था नभएको ।
- ❖ रोजगार व्यवस्थापन सूचना प्रणालीमा रोजगार दाताले अनलाईन मार्फत श्रमिक माग गर्न सक्ने र रोजगार सेवा केन्द्रले अनलाईन मार्फत नै श्रमिक उपलव्ध गराउने व्यवस्था गर्न नसकिदा रोजगार दाता र रोजगार सेवा केन्द्र बीच प्रभावकारी संचार हुन् नसक्नु ।
- ❖ वैदेशिक रोजगार विभागले व्यक्तिगत श्रम स्वीकृतिको लागि छुट्टै Log in Id स्थानीय तहलाई उपलब्ध न गराउंदा सानो सानो समस्याको लागि विभागमा सम्पर्क गर्नु पर्ने अवस्था ।

❖ वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाको सहजीकरण गर्दा सेवाग्राहीहरुले पाउनु पर्ने आर्थिक सहायता कानुनले तोके बमिजिमको समयमा बोर्डले उपलब्ध नगराउंदा पटक पटक समन्वय गरिरहनु पर्ने ।

❖ धेरै बेरोजगार व्यक्तिहरु बाट बिभिन्न किसिमको तालिमहरु माग भए पनि सिमित श्रोत साधनका कारण सिमित तालिमहरु मात्र संचालन गरिएको अवस्था ।

सुझावहरु :-

❖ भौगोलिक अवस्था लाई मध्यनजर गरी चलन चल्तीको दरलाई समेत आधार मानि ज्याला दर कायम गर्नु पर्ने।

❖ सुचिकृत सबै बेरोजगारलाई समेट्न सक्ने गरी बिभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने ।

❖ यो कार्यक्रमलाई न्युनतम रोजगारीमा सिमित नराखी दिर्घकालिन रुपमा रोजगारी प्रदान गर्नको लागि online मार्फत रोजगार विनिमय सेवा तथा पदस्थापन लगायतका कार्यलाई प्रभावकारी बनाउन श्रम बजारको माग बमोजिमको दक्ष जनशक्ति तयार गरि सीप विकास तालिम प्रदान गरि कार्यान्वयन तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

❖ स्थानीय तह भित्र रोजगार संग सम्बन्धित काम गर्ने संघ संस्थाहारुलाई एकद्वार प्रणाली बाट काम गर्ने व्यवस्था अनिवार्य रुपले लागु गर्नु पर्ने ।

❖ वैदेशिक रोजगार विभागले व्यक्तिगत श्रम स्वीकृतिको लागि छुट्टै Log in Id स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने ।

❖ रोजगारीको खोजीमा रहेका सबै प्रकरको बेरोजगार व्यक्तिहरुको व्यक्तिगत बिवरण, रोजगार दाताहरुको बिवरण र रोजगार सम्बद्ध सुचनाहरु समेटिने गरी रोजगार व्यवस्थापन सूचना प्रणालीलाई सुधार गर्नु पर्ने ।

❖ संघ, प्रदेश र स्थानीय तहले तालिम संचालन गर्दा रिटर्नीहरुको समय लाई मध्यनजर गरी कार्यक्रम तालिका बनाउनु पर्ने जसको लागि स्थानीय पालिका तथा वडाले समन्यव गरी समय र अवधि निश्चित गर्नु पर्ने ।

❖ प्राय जसो रिटर्नीहरु खाडी मुलुक बाट फर्किएकाले आधुनिक सीप तथा दक्षता यथेस्ट रुपमा नभएको र भएकोले पनि त्यहाँको जस्तो आधुनिक मेसिन तथा उद्योग संचालनमा नरहेकोले आफुमा भएको दक्षता लाई प्रस्फुटन गर्न नसकेकोले आधुनिक कृषि तथा पशुपालन सम्बन्धि मेशिनरी सहयोग तथा तालिम संचालन भएमा गरी दिर्घकालिन रोजगारी संगै वैदेशिक रोजगारीलाई समेत कम गर्न सकिने देखिन्छ ।

## विनियोजित वजेट तथा खर्च विवरण :

| क्र.सं. | शिर्षक | वार्षिक विनियोजित रकम | कूल खर्च रकम | कूल खर्च प्रतिशत |
|---|---|---|---|---|
| | **नेपाल सरकार** | | | |
| १ | रोजगार संयोजकको तलव | ५६८,०००.०० | ५६७,९५७.०० | ९९.९९ |
| २ | रोजगार संयोजकको स्थानीय भत्ता | - | - | - |
| ३ | रोजगार संयोजकको पोसाक | १०,०००.०० | १०,०००.०० | १००.०० |
| ४ | रोजगारी सृजना अनुदान | १,७२२,०००.०० | ७७४,५४६.०० | ४४.९८ |
| | **(क) कूल नेपाल सरकार (३७१००१०२)** | **२,३००,०००.००** | **१,३५२,५०३.००** | **५८.८०** |
| | **विश्व बैंक (युवा रुप)** | | | |
| ५ | प्राविधिक सहायकको तलव | ४५२,०००.०० | ३९८,२४२.०० | ८८.११ |
| ६ | प्राविधिक सहायकको स्थानीय भत्ता | - | - | - |
| ७ | प्राविधिक सहायकको पोसाक | १०,०००.०० | १०,०००.०० | १००.०० |
| ८ | रोजगार सहायकको तलव | ४५२,०००.०० | ४५१,४९०.०० | ९९.८९ |
| ९ | रोजगार सहायकको स्थानीय भत्ता | - | - | - |
| १० | रोजगार सहायकको पोसाक भत्ता | १०,०००.०० | १०,०००.०० | १००.०० |
| ११ | रोजगार सेवा केन्द्रको सुदृढिकरण | २००,०००.०० | १९९,९३५.०० | ९९.९७ |
| १२ | रोजगारी सृजना अनुदान | २,६७२,०००.०० | १,४१३,१५३.९९ | ५२.८९ |
| १३ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | ६०,०००.०० | ६०,०००.०० | १००.०० |
| १४ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन | ५०,०००.०० | ४९,८००.०० | ९९.६० |
| १५ | रोजगार संवाद मञ्चको सञ्चालन | ३०,०००.०० | २४,०००.०० | ८०.०० |

| | | | | |
|---|---|---|---|---|
| १६ | रोजगार सेवा केन्द्रको लागी मसलन्द खर्च | ७८,०००.०० | ७२,८२९.०० | ९३.३७ |
| १७ | अन्य विविध खर्च(चिया, पानि लगायत अन्य) | २४,०००.०० | २२,५४०.०० | ९३.९२ |
| १८ | सञ्चालित रोजगार आयोजनाहरुको | ४५,०००.०० | ४४,९३०.०० | ९९.८४ |
| १९ | नमूना रोजगार सेवा केन्द्र सञ्चालन | ९००,०००.०० | ८१३,०८८.०० | ९०.३४ |
| २० | महिला लक्षित रोजगारीका लागि तयारी क्लव सञ्चालन | ६००,०००.०० | - | ०.०० |
| | **(ख) कूल आई.डि.ए. (३७१००१०३)** | **५,५८३,०००.००** | **३,५७०,००७.९९** | **६३.९४** |
| | **स्थानीय तहबाट विनियोजित वजेट र खर्चको बिवरण** | | | |
| १ | श्रम सूचना बैंक | - | - | ०.०० |
| २ | ब्रोसर, फ्लेक्स तथा रोजगार रणनीति प्रिन्ट | ५०,०००.०० | ४३,५०५.०० | ८७.०१ |
| ३ | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु को संजाल संग बैठक | ३०,०००.०० | २९,४३८.०० | ९८.१३ |
| ४ | रोजगार उपभोक्ता समितिलाई अभिमुखीकरण | ३०,०००.०० | २२,६५०.०० | ७५.५० |
| ५ | कल्याणकारी सेवा, सुरक्षित आप्रवासन र वैदेशिक रोजगारी सम्बन्धमा वडा स्तरमा जनप्रतिनिधि संग छलफल | ७०,०००.०० | ५६,९६८.०० | ८१.३८ |
| ६ | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि पुनः एकीकरण कार्यक्रम साझेदारी | - | - | ०.०० |
| ७ | शिप तथा क्षमता विकास तालिम रोजगारी पदस्थापन सहित | ७३०,०००.०० | ५०५,४००.०० | ६९.२३ |
| ८ | कल्याणकारी सेवा बारे रेडियो जिंगल प्रसारण | ३६,०००.०० | ३२,४००.०० | ९०.०० |
| ९ | रोजगार दाता संग बैठक/अन्तरक्रिया कार्यक्रम | १५०,०००.०० | - | ०.०० |
| १० | स्थानीय निर्देशन समितिको बैठक | ५०,०००.०० | ३०,१२५.०० | ६०.२५ |
| ११ | वैदेशिक रोजगार बाट फर्केको व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम साझेदारी (गत बर्ष अनुदान दिएको) | १००,०००.०० | - | ०.०० |
| १२ | मल्टिमिडिया तथा प्रिन्टर | १००,०००.०० | १००,०००.०० | १००.०० |
| १३ | मल्टिमिडिया तथा प्रिन्टर | ८०,०००.०० | ३,५२५.०० | ४.४१ |
| | **(ग) कुल स्थानीय तह खर्च** | **१,४२६,०००.००** | **८२४,०११.००** | **५७.७८** |
| | **कूल आई.डि.ए.+नेपाल सरकार+ स्थानीय तह** | **९,३०९,०००.००** | **५,७४६,५२१.९९** | **६१.७३** |

## *अन्त्यमा...*

नेपालगञ्ज उपमहानगरपालिका रोजगार सेवा केन्द्र द्वारा आ.व. २०८०/८१ मा संचालन गरिएका गतिविधिहरु मध्ये मुख्य गतिबिधिहरुः यस आर्थिक वर्षमा संघिय सरकार ससर्त अनुदान अन्तर्गत बजेट रु ७८,८३,०००/- र नेपालगञ्ज उपमहानगरपालिका बाट रु. १४,२६,०००/- गरी जम्मा रु. ९३,०९,०००/-(त्रिनाब्बे लाख नौ हजार बिनियोजन गरिएको थियो । जस मध्ये आर्थिक प्रगति ६१.७३ प्रतिशत भएको छ भने भौतिक प्रगति ७२ प्रतिशत भएको छ । यस आर्थिक बर्षमा कामका लागि पारिश्रमिक मार्फत ६८ जनाले रोजगारी प्राप्त गरेका छन । ४० जना युवाहरु वाईरिंग तथा पलम्बर तालिम प्राप्त गरी  स्वरोजगार तथा रोजगारीमा पदस्थापन भएका छन् । यस आर्थिक बर्षमा कल्याणकारी सेवा सम्बन्धि ९० जना स्थानीय तहका जनप्रतिनिधि तथा अन्य सरोकारवालालाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ । नेपालगञ्ज उपमहानगरपालिकाको आगामी १० वर्षको आन्तरिक रोजगारीको प्रक्षेपण गरिएको छ । निजि क्षेत्र र सरोकारवाला बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम (मेयर संग रोजगार दाता) संचालन गरिएको । यस आर्थिक बर्षमा ११२ जनाको व्यक्तिगत श्रम स्वीकृतिको लागि सहजीकरण गरिएको । बैदेशिक रोजगारीमा गएका २ जना मृतकको शब झिकाउन, १० जना मृत्यु भएका व्यक्तिको परिवारलाई आर्थिक सहायता १२ जना बिरामी अंगभंग भयका लाई आर्थिक सहयोग र ८ जनाको बिद्यार्थीलाई छात्रवृत्तिका लागि सहजीकरण गरिएको छ।

## ८. मिडिया कवरेज :

समयपत्र

# नेपालगञ्जमा रोजगार संवाद मञ्च गठन



87 Shares

नेपालगञ्ज । नेपालगञ्जमा रोजगारीको हकको प्रभावकारी कार्यान्वयनका लागि पलिकास्तरीय रोजगार संवाद मञ्च गठन गरिएको छ । नेपालगञ्जका नगर प्रमुख प्रशान्त विष्टको संयोजकत्वमा सोमबार बसेको एक बैठकले रोजगार संवाद मञ्च गठन गरिएको हो ।

मञ्चको संयोजकमा नगर प्रमुख र सदस्यहरुमा उपप्रमुख, दुई जना वडाअध्यक्ष, नेपालगञ्ज उद्योग वाणिज्य संघका प्रमुख/प्रतिनिधि, नागरिक समाजका प्रमुख/प्रतिनिधि, नेपाल पत्रकार महासंघ प्रतिनिधि, गैरसरकारी संस्था महासंघ प्रतिनिधि, संयुक्त ट्रेड युनियन प्रतिनिधि, महिला उद्यमी संघको प्रतिनिधि, नगरस्तरीय सहकारी संजालको प्रतिनिधि, बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको पालिकास्तरीय संजाल प्रतिनिधि र तालिम प्रदायक संस्था संजालका प्रतिनिधि, रोजगार संयोजक गरी १५ सदस्यीय गठन गरिएको हो ।

नेपालगञ्ज उपमहानगरपालिकाको रोजगार सेवा केन्द्रद्धारा रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारको अवसरको पहिचान, समस्याको निदान र रोजगारको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार संवाद मञ्च गठन गरिएको रोजगार शाखा प्रमुख मञ्जु ज्ञवालीले जानकारी दिनुभयो ।

Samayapatra
2,842 followers
Follow Page
Share
Samayapatra



नेपालगञ्ज वडा नं-१२ ले गर्यो तीन ...

# रोजगार सेवा केन्द्रबाट प्रवाह हुने सेवाको बारेमा अन्तरक्रिया

बागेश्वरी पोस्ट

42 Shares



नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिकामा स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवालासंग रोजगार सेवा केन्द्रबाट प्रवाह हुने सेवाको बारेमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । नेपालगञ्ज उपमहानगरपालिका रोजगार सेवा केन्द्रले अन्तरक्रिया कार्यक्रम गरेको हो ।

May be an image of 14 people, table, dais and text

नगर उपप्रमुख कमरुद्दिन राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा १ देखि २३ वडाका वडा सदस्यहरुको सहभागिता थियो । अन्तरक्रिया कार्यक्रममा रोजगार सेवा केन्द्रको सेवा प्रवाह, कल्याणकारी सेवा, ब्यक्तिगत श्रम स्विकृति/पुनः श्रम स्विकृतिको सहजीकरण, बेरोजगार ब्यक्तिको सूचीकरण लगायतको विषयमा छलफल गरिएको रोजगार सहायक अनुप बर्माले बताए ।

कार्यक्रममा रोजगार संयोजक मञ्जु ज्ञवालीले रोजगार सेवा केन्द्रको सेवा प्रवाह र रोजगार सहायक बर्माले बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाका बारेमा प्रस्तुतिकरण गरेका थिए ।

दैनिक नेपालगञ्ज
राष्ट्रिय दैनिक
Dainik Nepalgunj National Daily Wednesday 08 May 2024

आवश्यकता
DAINIKNEPALGUNJ
EMPOWERING TRUTH

# 'रोजगारी कसरी सुनिश्चित गर्ने ?'

समाचारदाता
दैनिक नेपालगञ्ज

रोजगारी कसरी सम्भव होला ? नेपालगञ्ज उपमहानगरपालिकामा रोजगारीको सुनिश्चितताका लागि पहल थालिएको छ। नेपालगञ्ज नेपालगञ्ज उपमहानगरपालिकाले रोजगारी अभिवृद्धिका लागि पहल थालेको हो।

त्यसक्रममा आवश्यक रोजगारीको सम्भावनाका लागि मंगलबार निजी क्षेत्र तथा सरोकारवालासँग छलफल गरिएको नेपालगञ्ज उपमहानगरपालिकाले जनाएको छ।

नेपालगन्ज उपमहानगरपालिका, रोजगार सेवा केन्द्रको आयोजनामा भएको कार्यक्रममा दक्ष जनशक्ति उत्पादन गरेर रोजगारीका अवसर सिर्जना गर्न सके नागरिकको जीवनस्तरमा सुधार ल्याउन सकिनेमा जोड दिइएको छ।

कार्यक्रममा नगर प्रमुख प्रशान्त विष्टले आगामी नीति तथा कार्यक्रम र बजेटमा रोजगारी प्रवर्द्धनका कार्यक्रम अझ ठूलो आकारमा समेट्ने बताउँदै आवश्यकता अनुसारका दक्ष जनशक्ति उत्पादन गर्न जरुरी रहेको उल्लेख गरे। रोजगार सेवा केन्द्रको उपादेयता र प्रभावकारिता बढ्दै गएको उल्लेख गर्दै नगर प्रमुख विष्टले बैदेशिक रोजगारीमा रहँदा आएका समस्याहरु लिएर आउने क्रम बढेको बताए।

नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्काको अध्यक्षता भएको कार्यक्रममा रोजगार सेवा केन्द्रकी रोजगार संयोजक मञ्जु ज्ञवालीले छलफलको उद्देश्य, सेवा केन्द्रमार्फत भइरहेका काम र आगामी योजनाका विषयमा जानकारी गराएकी थिइन्। अधिकृत दिपेन्द्र श्रेष्ठले रोजगार सेवा केन्द्रको अवधारणा, संरचना र सेवाहरुबारे जानकारी गराउँदै प्रस्तुतिकरण गरेका थिए।

छलफल कार्यक्रममा श्रम कार्यालय नेपालगन्जका प्रमुख लोकेन्द्र विसी, आशा कुमारी श्रेष्ठ, भेरी प्राविधिक शिक्षालयको प्रमुख उद्योगी चम्पालाल वोथरा, व्यवसायीहरु कृष्ण प्रसाद श्रेष्ठ, भिम प्रसाद बराल, उद्यमी डिला शाह, मेडिकल कलेज नेपालगन्जको पंचम गुरुंग लगायतले रोजगारी सिर्जना, दक्ष जनशक्ति उत्पादन, श्रमिक अधिकार संरक्षण लगायतका विषयमा धारणा राखेका थिए।

आइएलओका अमित केसीले सहजीकरण गरेको कार्यक्रममा निजी क्षेत्रका प्रतिनिधि तथा सरोकारवालाहरुको सहभागिता रहेको रोजगार सेवा केन्द्रका रोजगार सहायक अनुप बर्माले जानकारी दिए।



# रोजगारी प्रवर्धन गर्न नेपालगन्ज उपमहानगरपालिकाले 'मेयरसंग रोजगारदाता' कार्यक्रम सुरु गर्दै

Samachar Rekhanews

17 Shares



रोजगारी प्रवर्धन गर्न नेपालगन्ज उपमहानगरपालिकाले

'मेयरसंग रोजगारदाता' कार्यक्रम सुरु गर्दै नेपालगन्ज । नेपालगन्ज उपमहानगरपालिकामा 'मेयरसंग रोजगारदाता' कार्यक्रम आगामी आर्थिक वर्षदेखि शुरू गरिने भएको छ । यस कार्यक्रमका विषयमा उद्योगी व्यवसायी संग छलफल तथा अन्तरक्रिया गरिएको छ। उद्योग व्यवसायमै तालिम दिएर कामदार पदस्थापन गर्ने लक्ष्यका साथ आगामी बजेटमा यो कार्यक्रम समेटिनेछ। नेपालगन्ज उपमहानगरपालिका रोजगार सेवा केन्द्रको आयोजना तथा नेपालगन्ज उद्योग बाणिज्य संघ संगको सहकार्यमा गरिएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा उद्योगी व्यवसायीले आफ्ना लागि चाहिने अनुसारका कामदारलाई दक्ष बनाउने गरी उपमहानगरपालिकाले तालिम दिएको अवस्थामा उनीहरुलाई पदस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उद्योग व्यवसायको आवश्यकतामा आधारित सीप तथा दक्षता अभिवृद्धि तालिम

सञ्चालन गर्ने तथा बेरोजगारलाई त्यहीं नै पदस्थापन गर्ने नीति

लिनुपर्नेमा जोड दिइएको छ। नेपालगन्जमा भारतबाट धुप्रै श्रमिक आउने गरेको भन्दै उद्योगी व्यवसायीहरुले स्वदेशी नागरिकलाई उद्योग धन्दा वा व्यवसायको आवश्यकताका आधारमा तालिम दिने गरी योजना बनाएर अघि बढ्नुपर्ने बताएका छन्। हामीलाई आवश्यक पर्ने कामदारका बारेमा हामी भन्छौं, नेपालगन्ज उपमहानगरपालिकाले त्यसै अनुसारको तालिमका लागि सहजीकरण गर्नुपर्यो, उद्योगी व्यवसायीले भने,त्यसो भएमा 'अन द जब तालिम' प्रभावकारी हुन्छ। 'नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले नेपालगन्ज उद्योग बाणिज्य संघसग सहकार्य गरेर अघि बढ्ने बताउँदै रोजगारी प्रबद्धन गर्ने गरी हातेमालो गर्न आह्वान गरे। विष्टले आवश्यकता पहिचान गरेर आगामी नीति तथा कार्यक्रममा समेट्ने गरी प्रस्ताव पेश गर्न पनि आग्रह गरेका छन्।उद्योगधन्दा, कलकारखाना, होटल, व्यवसाय, प्रतिष्ठानले पनि दक्ष कामदार पाउन् र बेरोजगारी घटाउने हाम्रो लक्ष्य पनि पूर्ति हुदै जाओस भन्ने हाम्रो ध्येय हो,' उनले भने 'आउनुहोस् हातेमालो गरौं रोजगारदाता उद्योग व्यवसायको प्रबद्धन, बेरोजगार व्यक्तिहरुको दिर्घकालीन रोजगारी र पालिकाको समृद्धिमा सहयोग पुग्ने अपेक्षाका साथ कार्यक्रम गरिएको रोजगार सेवा केन्द्र प्रमुख मञ्जु झवालीले बताइन्। बेरोजगार पदस्थापनमा सम्भावना र चुनौतीहरुबारे छलफल गर्ने उद्देश्य पनि रहेको झवालीको भनाइ

छ। त्यस क्रममा विभिन्न उद्योग, व्यवसाय, होटल तथा प्रतिष्ठानका

सञ्चालकहरुले आफूहरुलाई चाहिएको कामदारको प्रकृति र संख्याबारे समेत उपमहानगरपालिकालाई जानकारी गराएक रोजगार सहायक अनुप बर्माले जानकारी दिए। कार्यक्रममा नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्का, अधिकृत दिपेन्द्र श्रेष्ठ, नेपालगन्ज उद्योग बाणिज्य संघका अध्यक्ष टक बहादुर धामी, वरिष्ठ उपाध्यक्ष चिरञ्जिवी ओली लगायत उद्योगी व्यवसायीको उपस्थिति थियो।

ताजा समाचार


ईद-उल-अजहा 'बक
आज हर्षोल्लासपूर्वक
मनाईदै


टिपरको ठक्करबाट
बाँकेको राप्तीसोनारीम
एक जना पुरुषको मृत


मध्य तथा पश्चिम तराई
तातो हावा चल्ने, साव
अपनाउन आग्रह


नेपाल प्रहरीका ४ जन
एसएसपीहरुको
पदस्थापन


नेपालगन्जबाट काठम
जाँदै गरेको बस त्रिशूल
किनारमा खस्यो


सुरक्षा भत्ता बुझ्न स्व


दैलेख केन्द्रबिन्दु भएर
भूकम्पको धक्का


वडा बाट सामाजिक सु
भत्ता वितरण


बालबालिकाहरुको
शैक्षिक गुणस्तरीय
अभिवृद्धिका लागी रा
खान नेपालगन्जद्वार
शैक्षिक समाग्री वितरण


जसपाका मन्त्री प्रदीप
यादव र हसिना खान
शपथ





स्थानीय

# युवालाई स्वरोजगार र उद्यमशील बनाउन वाइरिङ तथा प्लम्बिङ तालिम

बागेश्वरी पोस्ट



**नेपालगन्ज** । नेपालगन्ज उपमहानगरपालिकाले युवाहरुलाई स्वरोजगार र उद्यमशील बनाउन १२० घण्टे वाइरिङ तथा प्लम्बिङ तालिम दिएको छ । रोजगार सेवा केन्द्रको आयोजनामा नेशनल मानव विकास ट्रेनिङ इन्स्टिच्युट प्रालि नेपालगन्जले तालिम प्रदान गरेको हो ।

वाइरिङ २० जना र प्लम्बिङ तालिम २० जनालाई सिकाइएको हो । ४० जना सहभागी तालिमको आज समापन गर्दै नगर प्रमुख प्रशान्त बिष्टले सिकेको सीपलाई व्यवहारमा लागु गर्न आग्रह गरेका छन् । उनले बेरोजगारी न्यूनीकरण गर्न युवालाई सीप सिकाउँदै आत्मनिर्भर बनाउन नेपालगन्ज उपमहानगरपालिकाले विभिन्न तालिम आयोजना गर्दै आएको बताए ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत गोर्खे बहादुर थापाले सीप सिकेपछि त्यसको उपयोगमा ध्यान दिन आग्रह गरे । रोजगार सेवा केन्द्र प्रमुख मन्जु ढकालीले स्वदेशमै केही गर्न चाहने वा विदेश जानेहरुका लागि यस प्रकारका तालिम निकै उपयोगी हुने बताइन् । उनले पहिलो चरणको तालिम लिइसकेकालाई एडभान्स्ड तालिम दिने योजना समेत सुनाइन् ।

तालिममा सहभागीहरुलाई नगर प्रमुख बिष्टले प्रमाणपत्र प्रदान गरेको रोजगार सहायक अनुप बर्माले जानकारी दिए । सहभागीका तर्फबाट राजेश कुमार वर्मा र धन बहादुर सुनारले तालिम उपयोगी भएको बताएका थिए । कार्यक्रममा वडा नम्बर १० का वडा अध्यक्ष कौशल कुमार धोबी, नेपालगन्ज उपमहानगरपालिकाका अधिकृत दिपेन्द्र थेबे लगायत उपस्थित थिए ।

गर्मीको समयमा लागस्ट्रेकबाट रहनै रोजगार बची ।
स्वास्थ्य कार्यालय
नेपालगन्ज, बाँके

ADMISSION OPEN
FOR SEE GRADUATES
PRABHAT MEMORIAL HIGH SCHOOL

जनहितमा जारी सन्देश
गर्मीमा लु बाट बच्ने उपाय
राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँके

# वैदेशिक रोजगारमा रहेका कामदारका परिवारसँग नेपालगञ्जमा अन्तरक्रिया

नवीन गिरी ⊙ २६ असोज, २०८०

69 Shares | Share | Tweet | Share | Share | Share




**नेपालगञ्ज** । वैदेशिक रोजगार बोर्डको सचिवालयले वैदेशिक रोजगारमा रहेका कामदारका परिवारहरुसंग नेपालगञ्जमा अन्तरक्रिया गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहेको वैदेशिक बोर्डको सचिवालयले नेपालगञ्ज उपमहानगरपालिकाका २३ वडाबाट वैदेशिक रोजगारमा रहेका कामदारका परिवारहरुसंग आज अन्तरक्रिया गरेको हो ।

नेपालगञ्ज उपमहानगरपालिका रोजगार शाखाको समन्वयमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान गरिने कल्याणकारी सेवा र त्यसका लागि पुऱ्याउनुपर्ने प्रक्रिया तथा आवश्यक कागजातका विषयमा परामर्शसँगै सुरक्षित वैदेशिक रोजगारीका लागि ध्यान दिनुपर्ने पक्षहरूमा अन्तरक्रिया गरिएको छ ।

कार्यक्रममा बोल्दै वैदेशिक रोजगार बोर्डको सचिवालयकी निर्देशक सीता दुवाडीले सुरक्षित वैदेशिक रोजगारीका लागि अनिवार्य श्रम स्वीकृति लिन, सीप सिकेर मात्र जान, अभिमुखीकरण तालिम अनिवार्यरुपमा लिन, स्वास्थ्य परीक्षण र बीमा

## ९. फोटोहरु :



श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २३ का वडा अध्यक्षको तथा वडा सदस्यको समुपस्थितिमा रोजगार संयोजक मञ्जु ज्ञवाली द्वारा अभिमुखीकरण कार्यक्रमलाई सहजीकरण गर्दै



स्थानीय तहका जनप्रतिनिधि तथा अन्य सरोकारवालालाई कल्याणकारी सेवा, व्यक्तिगत श्रम स्वीकृति बारे सहजीकरण गर्दै रोजगार सहायक अनुप कुमार बर्मा



नगर उप प्रमुख श्री कमरुद्दीन राईको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रमलाई सहजीकरण गर्दै रोजगार संयोजक मञ्जु ज्ञवाली



नगर प्रमुख श्री प्रशान्त विष्टको अध्यक्षतामा भएको मेयर सँग रोजगार दाता कार्यक्रमलाई सहजीकरण गर्दै ने.उ.म.न.पा का अधिकृत दिपेन्द्र श्रेष्ठ



श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र ILO का पदाधिकारी र प्रतिनिधि वाईरिंग तथा प्लम्बर तालिम (रोजगारीमा पदस्थापन सहित) का सहभागी सँग सामुहिक तस्विर लिंदै



श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र ILO का पदाधिकारी र रोजगार सेवा केन्द्रका कर्मचारीहरु सामुहिक तस्विर लिंदै



नेपालगञ्ज उपमहानगरपालिका रोजगार सेवा केन्द्र द्वारा संचालित ३९० घण्टे वाईरिंग तथा प्लम्बर तालिम (रोजगारीमा पदस्थापन सहित) का सहभागीलाई सम्बोधन गर्दै नगर प्रमुख प्रशान्त विष्ट



नगर प्रमुख को अध्यक्षतामा नेपालगञ्ज उपमहानगरपालिका रोजगार सेवा केन्द्र द्वारा संचालित रोजगार संबाद मञ्चको वैठकको झलक



कामको लागि पारिश्रामिक आयोजनाहरु (प्रधानमन्त्री रोजगार कार्यक्रम / युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना) अन्तर्गत वडा नं. २१का श्रमिकहरु काम गर्दै




निजि क्षेत्रका प्रमुख तथा प्रतिनिधिहरु सँग आन्तरिक रोजगारी सिर्जना गर्नको लागि छलफल गर्दै नगर प्रमुख प्रशान्त विष्ट तथा प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्का







कामको लागि पारिश्रामिक आयोजनाहरु (प्रधानमन्त्री रोजगार कार्यक्रम / युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना) अन्तर्गत वडा नं. १९ र २० का बिभिन्न योजनामा काम गर्दै श्रमिकहरु





श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र ILO का पदाधिकारी, र रोजगार सेवा केन्द्रका कर्मचारीहरु वाईरिंग तथा प्लम्बर तालिम (रोजगारीमा पदस्थापन सहित) को अनुगमन पश्चात नेपालगञ्ज उद्योग व्यापार संघका पदाधिकारी सँग छलफल गर्दै

| तयार गर्ने | सिफारिस गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| अनुप कुमार बर्मा | मन्जु ज्ञवाली | ओमबहादुर खड्का |
| रोजगार सहायक | रोजगार संयोजक | प्रमुख प्रशासकीय अधिकृत |

दिपेन्द्र श्रेष्ठ
अधिकृत